Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- ७, २०७७ साल भदौं १६ गते मंगलबार (Sep 1, 2020) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# कोरोनाको सन्त्रासले जन्माएका समस्या जटिल बन्दै

- निजी क्षेत्र धारासायी ।
- पहुचवालाहरुलाई हर्ष न बिस्मात ।
- कोरोनाको त्रासले अन्य बिरामीले उपचार नपाउदा मृत्यु ।

कोरोनाको अर्थात कोभिड (१९ को सन्त्रासले नेपालका शहर देखि गाउँसम्म कतै बाकी राखेको छैन । गर्नुपर्ने कामहरु गर्न नपाएर मानिसहरु भोकै मर्नुपर्ने दिनको सृर्जना हुन लागेको बिभिन्न ठाउँहरुवाट समाचार आईराखेका छन् । बिशेष गरेर मजदुरी गरेर बिहान बेलुका कमाएर बाल बच्चा पालन पोषण गर्दै आएका र स(सना व्यवसाय गर्दै आएका व्यवसायीहरुको जीवन कष्टकर बन्दै गईरहेको छ । यस बिषयमा कसैको पनि ध्यान पुगेको देखिदैन ।

यहि समयमा बाढी, पैरोको बिपत्ति प्राकृतिका आपत्तकालीन अवस्था आईलाग्दा समेत मानिसहरुले मानिसको मानवीयता सम्झेर सहयोग गर्न चाहदा समेत कोरोनाको सक्रमण सन्त्रासका कारण उद्धार राहात ब्यवस्थापन समयमा हुन सकेको छैन । बिदेश गएका र शहरवाट गाउँ फर्कन पाउने जतिले पनि गाउँमा फर्केर घरमै थुनिनु परेको छ । गाउँ गाउँमा खाद्यन्नको अभाव हुन थालेको छ । बिपन्न परिवार र मध्यबर्गीय परिवारको लागि यो समय जटिल बन्दै गएको छ ।

निजी क्षेत्रका ब्यवसाय प्राय सवै धारासायी भएका छन् । ब्यवसायीहरुका लागि सरकारको कुनै प्रोत्साहन मुलक कार्यक्रम आएको छैन । सवैभन्दा मार ति साना र मझौला ब्यवसायीहरुलाई पर्ने देखिन्छ । उनिहरु धेर जतिको आफ्नो घर नभएको र अर्काको घरमा भाडा लिएर पसल, उधोग, होटल, सञ्चारमाध्यम, बिभिन्न खालका ट्रेनिङग सेन्टर चलाउन लगानी गरेका छन् ति ब्यवसायीहरुले बिना कारोवार ६ महिनाको भाडा त्यतिकै तिर्नुपरेको छ तिर्नुपर्ने छ ।

सरकारले लकडाउनको समयमा १ महिनाको भाडा छुट दिन घरबेटीहरुलाई गरेको आग्रह समेत एदा कदा कुनै कुनैले छुट दिएको भएपनि धेरै जति काठमाडौ उपत्यका र अन्य शहरमा बसोबास गर्ने कोठावालाहरुले छुट नपाउदा निरास छन् । यस्तो अवस्थामा समेत कतिपय काठमाडौका घरबेटीले भागावालहरुलाई भाडाको बिषयमा किचकिच गरेर तनाव दिईरहेका छन् । यसको बिषयमा कुनै निकायको पनि पहल भएको देखिदैन । अझै कति महिना यसै गरेर जाने हो । लाखौ मानिसहरुको ब्यवसाय चौपट भईरहेको छ भने मजदुरहरुले काम गरिरहेका उधोग,कारखानाहरु बन्द हुदा लाखौ लाख मजदुरले रोजगार गुमाएका छन् । मजदुरका घर परिवारको दैनिकी जीवन कष्टकर बन्दै गएको छ ।

अहिले लकडाउन नभने पनि निषेधज्ञा जारी भईरहेको छ । कोरोनाको सक्रमण बढेको भनिए पनि कतिपय मानिसहरु जो पहुचवालाहरु छन् उनिहरुको लागि न हिजो लकडाउन थियो । न आज छ । उनिहरु निर्वाध रुपमा घुमफिर गरिनै रहेका छन् । स्थानीय निकायहरुमा त गाउपालिका अध्यक्ष,

बाँकी ८ पृष्ठमा

# कुलमान घिसिङले निरन्तरता पाउने

काठमाडौं । उर्जा जलस्रोत तथा सिचाइँ मन्त्री बर्षमान पुनले नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई नै निरन्तरता दिने बताउनुभएको छ । उहाँले सरकारको नीति तथा कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गरेर प्राधिकरणलाई नाफामा लैजान सफल हुनुभएका घिसिङलाई नै प्राधिकरणमा निरन्तरता दिने बताउनुभएको हो ।



घिसिङले नेपालमा लोडसेडिङ अन्त्य गर्न राजनीतिक नेतृत्वसँग मिलेर विद्युतको कुशल व्यवस्थापन गर्दै आउनुभएको छ । मन्त्री पुनले भदौ २९ अघि नै मन्त्रालयका तर्फबाट उहाँलाई दोश्रो कार्यकालका लागि नियुक्ती गर्नका लागि प्रस्ताव लैजाने बताउनुभयो । उर्जा मन्त्रालयले तयार पारेको प्रस्तावलाई मन्त्रिपरिषद्ले पारित गरेपछि घिसिङ दोस्रो कार्यकालका लागि नियुक्त हुनुहुनेछ ।

घिसिङलाई पुन: दोहोर्याउने विषयमा मन्त्री पुनले प्रधानमन्त्री केपी ओली र पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग समेत परामर्श गरिसक्नुभएको छ । आम नागरिकहरुले घिसिङलाई नै प्राधिकरणमा निरन्तरता दिनुपर्ने माग गर्दै आएका छन् ।

केही दिनयता सामाजिक सञ्जाल तथा सार्वजनिक बहसमा कार्यकारी निर्देशक घिसिङलाई दोहोर्याउनु पर्ने आवाज निकै उठिरहेको छ । कार्यकारी निर्देशक घिसिङलाई ४ वर्ष अघि तत्कालिन ऊर्जामन्त्री जनार्दन शर्माको प्रस्तावमा पुष्पकमल दाहाल प्रचण्डले नियुक्ति गर्नुभएको थियो ।

# सावधानी अपनाउन एनआरएनएको आग्रह

काठमाडौं । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) अन्तर्गतको स्वास्थ्य समितिले कोरोना भाइरस (कोभिड(१९) को सङक्रमणको जोखिम कम नभइसकेकाले थप सचेत र सावधान हुन नेपाली समुदायलाई आग्रह गरेको छ । समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार साउथ अफ्रिका, पोर्चुगल, स्पेन, कतार साउदी अरबले सार्वजनिक स्थल मात्रै नभई बन्द कोठामा गरिने भेला र जमघटले पनि सङ्क्रमण बढाउने भएकाले त्यस्ता कार्यक्रम कम गर्न र गर्नै पर्ने भए सिमित सङ्ख्या र सामाजिक दूरी कायम गर्न आग्रह गर्नुभयो ।

डा सापकोटाले कोरोना सङ्क्रमणका क्रममा मनोबल उच्च राख्न समेत आग्रह गर्नुभएको हो । कोरोना सङ्क्रमणको बढ्दो जोखिमले सर्वसाधारणमा मनोवैज्ञानिक त्रास उत्पन्न गरेको भन्दै उहाँले उच्च मनोबल कायम गरेर सर्तकता अपनाउनु आग्रह गर्नुभयो । मानसिक तनावबाट सकेसम्म मुक्त हुन एक्लो नबस्न, साथीभाइसँग कुराकानी गर्न, गीत सङ्गीत सुन्न र योग तथा ध्यान गर्न समेत डा सापकोटाले अनुरोध गर्नुभयो । 'कोभिड(१९' विरुद्ध खोप आगामी जनवरीभित्र सर्वसाधारणको लागि उपलब्ध हुने अपेक्षा गरिएको बताउँदै उहाँले सचेत र सावधान रही अघि बढ्न आग्रह गर्नुभयो ।

यसैबीच एनआरएनएको 'कोभिड(१९' उच्चस्तरीय समिति प्रेस संयोजक चिरन शर्माका अनुसार कोभिड(१९ को सङ्क्रमणबाट विदेशमा यो साता थप तीन नेपालीको निधन भएको छ । समितिले यो साता बेलायतमा एक जना र युएईमा दुई जनाको ज्यान गएको जनाएको छ । शनिबार साँझसम्म विदेशमा मात्र १६ देशमा १९५ जना नेपालीको निधन भएको छ ।

हालसम्म विश्वका ३८ देशमा रहेका नेपालीहरु कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् ।

कोरोना भाइरसका कारण नेपालसहित बेलायत, युएई, साउदी अरब, बहराइन, कुवेत, कतार, आयरल्याण्ड, जापान, टर्की नेदरल्याण्ड, स्वीडेन, भारत, साउथ अफ्रिकालगायत १७ देशमा रहेका नेपालीको ज्यान गएको हो ।

हालसम्म विदेशमा रहेका ३४ हजार ७०१ नेपालीमा कोरोना सङ्क्रमण देखिएको र तीाध्ये ३२ हजार ५११ जना कोरोना सङ्क्रमणबाट मुक्त भएको एनआरएनएले जनाएको छ । एनआरएनए, नेपाल सरकार, विदेशस्थित कूटनीतिक नियोग एवं दूतावासको सहकार्यमा विदेशमा अलपत्र परेका ५३ हजार ६९९ जना नेपालीको उद्धार भएको संयोजक शर्माले जानकारी दिनुभयो ।

# राष्ट्रियसभाका रिक्त सदस्यमा खतिवडा नियुक्त हुने

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले शनिबार प्राइम टेलिभिजनसँगको कुराकानीमा रिक्त रहेको राष्ट्रियसभा सदस्य पदमा युवराज खतिवडालाई पुनः मनोनीत गर्ने सङ्केत गरे ।

प्रधानमन्त्री ओलीले मुख खोलेर मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्ने मनोनीतमा खतिवडाकै नियुक्त हुने त बताएनन् । तर, उनको संकेत त्यतै थियो । दुई-चार दिन हेरौं न । २० गते आउन लागिहाल्यो । अहिले नै भविष्यवाणी त्यति उचित हुँदैन, प्रधानमन्त्रीले खतिवडाको बचाउ गर्दै भनेका थिए, उहाँले राम्रो काम गर्नुभएको छ । कार्यशैली त कसलाई के मन पर्दैन त्यो के भन्न सकिन्छ र !


खतिवडाको निरन्तरताका विषयमा पार्टीभित्र छलफल हुन बाँकी रहेकाले प्रधानमन्त्रीको यस किसिमको अभिव्यक्तिप्रति सचिवालय तहका नेताहरूले असन्तुष्टि जनाएका छन् ।

गत फागुन २० गते राष्ट्रियसभा सदस्यको पदावधि सकिएका खतिवडाले सोही दिन राजीनामा दिएर पुन:नियुक्ति लिएका थिए । संविधानको धारा ७८ (१) अनुसार खतिवडा अर्थ तथा सञ्चार तथा सूचना प्रविधिमन्त्रीमा बहाल रहेका थिए । धारा ७६ को उपधारा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदको सदस्य नभएको कुनै व्यक्तिलाई मन्त्री पदमा नियुक्त गर्न सक्नेछ, संविधानमा लेखिएको छ ।

मन्त्री खतिवडाको संविधानले दिएको अवधि भदौ २० गते पूरा हुन लागे पनि पार्टीभित्र यसबारेमा कुनै पनि कुरा नभएको वरिष्ठ नेता झलनाथ खनाल बताउँछन् । खतिवडालाई निरन्तरता दिने कि नदिने भन्ने कुरा पार्टीको निर्णयमा निहित रहेको र प्रधानमन्त्रीको इच्छाले नहुने उनको भनाइ छ ।

पार्टीका एक स्थायी कमिटी सदस्य भने प्रधानमन्त्री ओलीले युवराज खतिवडाबाहेक अर्को व्यक्तिलाई अर्थमन्त्री हुन योग्न नै नदेखेकाले सम्भावना बलियो बन्दै गएको बताउँछन् । प्रधानमन्त्रीले संकेत गरेझैं १८ गते बस्ने सचिवालय बैठकले यसबारे निर्णय लिने उनले बताए । पार्टीमा अरु पात्रको चर्चा चले पनि खतिवडाले नै नियुक्त हुने उनको भनाइ थियो । प्रधानमन्त्री ओलीलाई मुलुकको अर्थतन्त्र बुझेको व्यक्ति र अहिलेको अर्थतन्त्रमा देखापरेको संकटबाट त्राण दिने व्यक्ति युवराज खतिवडामात्रै हो जस्तो लागेको छ । उहाँले अन्तिमसम्म खतिवडालाई नै जोड दिनुहुन्छ । केही सिप नलागेपछि मात्रै अर्कोको पालो आउने हो, उनी भन्छन् ।

बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# पहाड खोतल्ने मुसाहरुदेखि सावधान होऔं

नेपालमा प्रजातन्त्र गणतन्त्रसम्म आइपुग्दा पहाड खोतल्ने मुसाहरुले पाहाडलाई दुःख दिए जस्तै नेपालका राजनीतिक नाम पार्टीका मुसाहरुले देशलाई सधैं दुःख दिईरहेका छन् । त्यो चलन सात दशक चलिसक्यो र पनि पुरानै रबैयावाट नेपालका नेपालीहरुलाई भ्रमको जालो बुनेर कहिले प्रजातन्त्र कहिले गणतन्त्र कहिले के के तन्त्रको नाम दिंदै हिमाल जस्तै अटल रहेको नेपालमा अस्तिरता मच्चाउन लालयित छन् ।

त्यो मुसारुपी चालचलनले नेपालका नदी नाला, भीर पाखा पखेराहरुमा समेत नोक्सान पुऱ्याईसकेका छन् । यो नेपाल र नेपालीहरुको लागि सुभ संकेत होईन । यस्ता मुसारुपी राजनीतिक पार्टीहरु देखि सावधान भएर सोच्नुपर्ने वेला आएको छ । नेपाल आफैं स्वतन्त्र, सर्वभौमसत्ता सम्पन्न राष्ट्र हो । तर नेपालको सर्वभौमसत्तालाई खलबलाउन अन्तै कतैवाट सञ्चालित मुसारुपी राजनीतिक पार्टी नामधारीहरुलाई नेपालमा प्रवेश गराएर नेपालीहरुको अक्षुण्ण रहेका राष्ट्रिय सदभाव र राष्ट्रिय एकता मेलमिलापमा रहेका नेपालीहरुलाई छुद्र छुचुन्द्र जस्ता राजनीतिक नामधारी पार्टीका नेतृत्व गर्छु भन्ने र नेपालमा छुद्र छुचुन्द्र गरेर नेपाली र नेपाल देशलाई सात दशकको अर्न्तरालमा बिगतमा भएका नेपालका उधोग, कलकारखाना, खानी, नेपालीहरु सँग भएको सीप सवै निमिट्यान्न पारेर अन्तै कतैवाट अराएको निर्देशन पालना गर्ने मुसाहरुको जमात दिन दिनानु दिन बढ्दै आएको छ । देख्दा राम्रो देखिने, भन्दा राम्रो कुरा भन्ने, लेख्दा पनि घोषणपत्रहरुमा राम्रो नै लेख्ने तर काम गर्दा चै अन्तैवाट अराएको खटाएको गर्ने र प्रजातन्त्रको नाममा, कोही गणतन्त्रको नाममा आर्दश र सिद्धान्तको खिल्ली उडाएर अन्तै कतैवाट दिएको रकम प्रयोग गरी निर्वाचन जस्तो पवित्र चलनलाई रणभुमि जस्तो बनाएर स्वतन्त्र नागरिकहरुको स्वतन्त्रता खोसेर बिदेशीको लागि काम गर्ने राजनीतिक पार्टीका नामधारी मुसाहरुले देशको लागि गरेको बिगार क्षम्य हुने खालका छैनन् । तै पनि नेपालीहरुले सहेर नै बसेका छन् । यो सात दशक भईसकेको छ ।

त्यो छुद्र छुचुन्द्रो बन्न प्रतिस्पर्धामा धेरैजति मानिसहरु जानेर वा नजानेर प्रवेश गरी नेपालको स्वतन्त्र सर्वभौम राष्ट्रलाई समेत आखा चिम्लन सक्ने बनाईसकेको अवस्थाले छुद्र छुचुन्द्राहरुको जमातले नेपालको राष्ट्रिय अस्तित्व नै धरापमा पार्ने हुनकी भन्ने चिन्ता सर्वत्र हुन थालेको छ । हुनत छुद्र छुचुन्द्राहरुले कोशी सम्झौता, गण्डक सम्झौता, महाकाली समझौता गरि नै सकेका छन् । भएका नेपालका उधोग नीजिकरण गरेर राष्ट्रिय उधोगहरु बन्द गराई नै सकेका छन् । नेपालीहरु सँग भएको सीपलाई निरासा भर्ने वातावरण बनाएर सीप भएका नेपालीहरुलाई बिदेश जान बाध्य बनाई नै सकेका छन् । नेपालमा नै कृषि पेशा गरेर नेपाल मै बसेर स्वतन्त्र नागरिकको परिचय दिन्छु र राष्ट्रको लागि सेवा गर्छु भन्ने नागरिकहरुलाई समेत निरुत्साहित गरेर देश धुजा धुजा पार्ने मुसा रुपी राजनीतिक पार्टीहरुले समग्र देशको उन्नति गर्न अप्ठ्यारो पारेका छन् ।

देशमा स्थाईत्व हुन नदिने अरु कुनै कारणहरु छैनन् छन भने त्यो राजनीतिक मुसाहरु वाहेक नेपालको साशन सत्ता फेरवदल अरुले गरेका होईनन् त्यसैले सदियौं देखि मिलेर बसेका देशका हिमाल, पाहाड तराईका नागरिकहरुलाई नानाथरी कान भर्ने काम गर्ने र खोतल्ने, चिर्थर्ने, राजनीतिक पार्टीका मुसाहरुले हो । तिनिहरुको गलत नीति निर्देशन र सस्कारले नेपालमा आफ्नै राष्ट्रिय झण्डा समेत जलाउने कुचेष्टा गरेका छन् । त्यो बिद्रोहको वेला सिकाईएको गलत प्रभाव आज देखिदै छ । नेपालमा जति बिद्रोह भएका छन् नेपाललाई नोक्सान पुऱ्याउन अरु नै कसैले अराएको काम गर्नेलाई नेपालमा क्रान्त्रिकारी भनिदो रहेछ । बिगतमा भारतमा प्रजातन्त्रको लागि भनेर सिकाएर पठाइएका राजनीतिक मुसाहरु सरकारमा पुगेर नेपाल बिरुद्ध नेपाल बिरोधि गरेको काम गणतन्त्रको लागि भनेर गरिएको क्रान्त्रिको नाममा सोजासाजा नेपाल आमाका छोराछोरीको भएको हत्या र ति नेपालका छोराछोरी मार्न भारतले नै दिएको हात हत्तियार प्रशिक्षण त्यसपछि शान्ति प्रकृयाको नाटक गरेर ल्याएको आठ गठबन्धनको काम हेर्दा यि सवै राजनीतिक नामधारी मुसाहरु हुन् जसले सधै किसानहरुलाई, मजदुरहरुलाई दुखः दिईरहन्छन् त्यो मात्र नभएर नेपाल देशलाई दुखः दिने मुसाहरु देखि सावधान हुनुपर्ने वेला आएको छ ।

अहिले नेपालमा पुनः अस्थिरता मच्चाउन केही मुसाहरुको प्रयोग हुल थालिसकेको छ । यस्ता बिषयमा नेपालमा अस्थिरता हुदा देशलाई कति घाटा हुन्छ भन्ने बिषय आम नागरिकले बुझ्न जरुरी छ ।

# राजनीतिक नदीमा सङ्लो पानी

**नन्दलाल खरेल**

नेपालीलाई एउटै प्रश्नले पिरोलिरहेको छः नेपाली राजनीतिक नदीमा कहिले सङ्लो पानी बग्ला ? नेपाली राजनीतिक नदीमा जसले सङ्लो पानी बगाउँछु भनेर विगतमा लागे, अझै पनि लागिरहेका छन्, तिनीहरूले नै यो राजनीतिक नदीलाई फोहोर बनाइरहेका छन् । फोहोर नदीलाई सफा बनाउँछु भन्ने राजनीतिक पार्टीहरूले भएको नदीलाई अझ धेरै प्रतिशतले फोहोर बनाउनु यो ज्यादै विडम्बनापूर्ण र निन्दनीय छ । बरू नदीलाई केही सफा गर्छु भनी केही प्रतिशत सफा गर्नु भनेको आफनो इमानदारिता हो । तर, यहाँ सुशासनको नाममा कुशासन भएको छ । विकासका नाममा विनाश भएको छ । समाजवादको नाममा दलाल पुँजीवाद भएको छ । न्याय र समानाताको नाममा अन्याय र असमानता बढेको छ । त्यति मात्र होइन, लोकतन्त्रको नाममा अलोकतान्त्रिक क्रियाकलापको बढोत्तरी भएको छ । राष्ट्रवादको नाममा अराष्ट्रवाद भएको छ अर्थात् अराष्ट्रवादी तत्वहरूको हालीमुहाली भएको छ ।

राजनीति देशको सम्पूर्ण क्षेत्रको टाउको हो । सबै नीतिहरूमा उत्कृष्ट नीति नै राजनीति हो । समग्र समाजको हितका लागि काम गर्न सक्ने मूल विद्या राजनीति नै हो । राजनीति र समाज एक अर्काका परिपूरक हुन् । त्यति मात्र होइन, राजनीतिबाहेक अरु कुनै विद्याबाट पनि समाजको सम्पूर्ण परिवर्तन सम्भव छैन । पटकपटकको राजनीतिक खिचातानी, कोलाहल र अराजकताले यतिबेला समाजका रङहरु खुइलिँदै गएका छन् । के हाम्रो राजनीतिले सामाजिक मान्यता र गरिमा भत्कदै गएका छन् ? हाम्रो सामाजिक मनोविज्ञानलाई किन राजनीतिले ठीक ढंगले चिन्न सकेन ?

राजनीति एउटा कला हो । यति मात्रै होइन, यो एउटा विज्ञान पनि हो । राजनीति भनेको एउटा त्याग हो, व्यवसाय होइन । तर, अहिले राजनीति त्याग नभएर एउटा ठूलो व्यवसाय बनेको छ । हाम्रो सामाजिक मनोविज्ञान के छ भने राजनीति भनेको फोहोरी खेल हो । अर्थात् यो एउटा गरिब, निमुखा, पहुँचविहीन र सामर्थ्यविहीन माथि शोषण दमन गरेर आफनो दुनो सोझ्याउने खेल हो । राजनीति जहिल्यै पनि सिद्धान्तमा आधारित हुनुपर्छ । सिद्धान्तलाई व्यवहारमा लागू गर्न विधि, प्रक्रिया र पद्धतिको इमानदारपूर्वक अनुशरण गर्नुपर्छ । तर, नेपाली राजनीतिमा यसको अभाव छ ।

मुलुकमा कुनै पनि राजनीतिक परिवर्तन पछि जनताले समृद्धि र स्थिरता चाहना राख्ने गरेका छन् । राजनीतिक परिवर्तनपछि भएको आमनिर्वाचनबाट जनताले स्थिर सरकार गठनका लागि अभिमत प्रकट गर्दै आएका छन् । २०४७ सालको राजनीतिक परिवर्तन पछि जनचाहना अनुसार आर्थिक विकास र समृद्धि त भएन नै, उल्टै सत्तारूढ दलभित्रको कलहले कुनै पनि सरकार पाँच वर्षसम्म टिक्न सकेनन् । दलीय विवादले पटकपटक आन्दोलनमार्फत भएका राजनीतिक परिवर्तनका उपलब्धि संस्थागत हुन नसक्दा मुलुक अस्थिरताको भुमरीमा पऱ्यो । अस्थिरताको जग बनेको भन्दै राजतन्त्र फ्याँकिए पनि संविधानसभाले नयाँ संविधान जारी गऱ्यो । सरकार गठन र विधानबाट वाक्क बनेका जनताले नयाँ संविधानसँग फेरि स्थिर सरकारको चाहाना राखे । २०७४ सालमा भएको निर्वाचनबाट तत्कालीन एमाले र माओवादी (केन्द्र) बनी मिलेको नेकपालाई दुई तिहाइ बहुमत मिल्यो । संघीय सरकारमा मात्रै होइन सातवटा प्रदेशमध्ये पनि ६ वटा प्रदेशमा उनीहरूकै सरकार बन्यो । अझ स्थानीय सरकार त अधिकांश उनीहरूकै पकडमा बन्यो । तैपनि उनीहरूले शोषित, पीडित, किसान, मजदुरको पक्षमा काम गर्न सकेनन् । कारण थियो, यिनीहरूको चरित्र कम्युनिस्ट थिएन । यिनीहरु कम्युनिस्ट ब्रान्डमा चरम संसदीय अभ्यासलाई मजबुत बनाउने खेलमा उद्धत भए ।

सैद्धान्तिक हिसाबबाट हेर्ने हो भने कम्युनिस्टले संसदीय अभ्यासबाट शासनसत्ता चलाउने कुरा बिल्कुलै गलत हो । आफूलाई कम्युनिस्ट भन्नु अनि शासकीय प्रणाली फोहोरी संसदीय अभ्यासको नीति अपनाउनु झुट, बेइमान, ठगको खेती अपनाउनुजस्तै हो । आज शासनसत्तामा रहेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) रूपमा कम्युनिस्ट भए पनि सारमा दलाल संसदीय पार्टी हो । हिजो लामो समयसम्म संसदीय अंक गणितीय फोहोरी राजनीतिको निष्कर्ष निकाली माओवादीले प्रचण्ड नेतृत्वको जनयुद्ध सुरू गऱ्यो । जनयुद्धको लक्ष्य थियो साम्राज्यवादलाई ध्वस्त पारी नयाँ जनवादी क्रान्ति पूरा गर्ने र त्यसको लगत्तै समाजवादी क्रान्तिमा अघि बढ्ने तथा सर्वहारा अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तका आधारमा सांस्कृतिक क्रान्तिहरु चलाउँदै मानवजातिकै स्वर्णिम भविष्य साम्यवादको स्थापनासम्म जाने उद्देश्य थियो । तर, प्रचण्डले जितको नजिक पुग्न लागेको क्रान्तिलाई धोका दिई दलाल पुँजीवादी संसदीय व्यवस्थालाई मजबुत बनाई सत्तामा जाने र त्यसको स्वाद लिने योजना बनाए । तदअनुरूप उनी संसदीय प्रणालीको यात्रामा अघि बढे ।

मुलुकमा लोकतन्त्रको स्थापनापछि नवधनाढ्य वर्गको जन्म भएको छ । राज्य कमजोर भएको मौका छोपी यिनै वर्गले तस्करी र कालोबजारीमार्फत करोडौं कमाएका छन् । स्वंय जनयुद्ध गरेका कान्तिकारी नेतासमेत नाटकीय ढंगले काठमाडौंका सुविधा सम्पन्न महल कब्जा गर्न थाले, करोडौं पर्ने चिल्ला गाडीमा सवार गर्ने भए । परन्तु जे कारणले जनयुद्ध भएको थियो वा जनआन्दोलन उठेको थियो, ती मुद्दा सडकमा छरपस्ट छन् । धनी र गरिबबीचको खाडल घट्नुको सट्टा झन्झन् बढ्दै गएको छ । लोकतन्त्रले सबै स्वतन्त्रताको चाङ लगाए पनि जनताको खाली पेट सधैंभर सुतिरहन सक्दैन । त्यसैले राजनीतिक परिवर्तनको छलाङ जति नै आकर्षित भए पनि तथा जनताको जीवनस्तर सुधार्ने माध्यमा हुन सकेन भने त्यसको खासै अर्थ र महत्व रहन सक्दैन ।

शक्तिशाली कम्युनिस्ट सरकारले सुशासनको डम्फु बजाएको झन्डै अढाइ वर्ष हुन लागेको छ । यद्यपि, सुशासन संकट झन् बढ्दो रूपमा छ । मुलुक अहिले भ्रष्टाचारबाट आक्रान्त छ । भ्रष्टाचार कहाँ छ भनेर खोज्नुभन्दा पनि भ्रष्टाचार कहाँ छैन भनेर खोज्नुपर्ने स्थिति छ । जहाँ हेऱ्यो, त्यही भ्रष्टाचारको जालो बुनिरहेको देखिन्छ । विश्वभरका राज्य संयन्त्र र विशेषगरी राजनीतिक नेतृत्व अहिले महामारीको संकट समाधानका लागि प्रयत्नशील छन् । भ्रष्टाचारको मुखै नहेर्ने दाबी गर्ने केपी शर्मा ओली नेतृत्वको सरकार अहिले भ्रष्टाचारको क्वारेन्टाइनमा फसेको छ । कोभिड १९ लाई नियन्त्रण गर्ने देशको अनुभवलाई हेर्दा त्यहाँ सरकार अग्रपंक्तिमै आएर काम सम्पन्न गरेकै देखिन्छ । सरकारका सबै निकाय प्रधानमन्त्री, मन्त्रीहरु, सांसद, कर्मचारी, प्रहरी, सेना सबै क्रियाशील छन् । तर, हाम्रो सरकार महामारीमा उल्टो भयो, लकडाउन (बन्दाबन्दी)का बेला अनियमितता, भ्रष्टाचार पो मौलाएको देखियो ।

कोभिड १९ ले दिन प्रतिदिन जनजीवन थप भयावह बनाउँदै लगेको छ । महँगीले बजार भाउ अकासिएको छ । रोजगारीका अवसरहरु क्रमशः खुम्चदै गएका छन् । कोरोना भाइरसको संक्रमणबाट संक्रमित सर्वसाधारण मानिस उपचार नपाएर छट्पटिदै मरिरहेका छन् । करिब ८० लाख बालबालिका झन्डै ६ महिनादेखि घरमै छन् । शैक्षिक सत्र खारेजी हुनेदिशा तर्फ जाँदै छ । त्यस्तो अवस्थामा पनि सरकार भ्रष्टाचारमा लिप्त छ । अनियमितता विगतमा भन्दा धेरै देखिएको छ ।

वर्तमान सरकारले आफनो नीति तथा कार्यक्रम र बजेटमा समेत सुशासनसहितको समाजवाद उन्मुख निर्दिष्ट गरे पनि व्यवहारमा भ्रष्टाचार उन्मुख अधिनायकवादतर्फको यात्रामा अघि बढेको छ । उसका कतिपय क्रियाकलापले यसको पुष्टि गरिसकेका छन् । कुकरको पुच्छर १२ वर्षसम्म ढुंगामा राख्दा पनि बांगाबांगै हुन्छ भन्ने उखान सत्तामा रहेर जनमतविपरीतका काम गर्ने नेतासँग मिल्न गएको छ । नेपाली जनताले कहिले राजीतिको नदीमा सङ्लो पानी बगेका देख्न पाउलान् यसै भन्न नसकिने अवस्थामा छ । राजधानी दैनिक

# एकै दिन चितवनका १०२ मा सङ्क्रमण दुईको मृत्यु

चितवन । एकै दिन शनिबार जिल्लाका १०२ जनामा कोरोना सङ्क्रमण देखिएको छ । बाहिरी जिल्लाबाट यहाँ उपचार गर्न आएका दुई जनाको मृत्यु भएको छ । भरतपुर अस्पतालका सूचना अधिकारी लीलाधर पौडेलका अनुसार चितवन मेडिकल कलेजमा गरिएको स्वाब परीक्षणमा भेटिएका ६५ जनामध्ये ६१ चितवनका हुन् ।

धुलिखेल पठाइएको नमूनाको परीक्षणमा १२ जना चितवनका सङ्क्रमित देखिएकका छन् । त्यसैगरी भरतपुर अस्पताल कोभिड(१९ प्रयोगशालामा गरिएको परीक्षणको राति आएको नतिजामा ४३ जनामध्ये २९ चितवनका रहेको उहाँले जनाकारी दिनुभयो ।

जिल्लाबाट नमूना सङ्कलन गरिएका १२० जनामा सङ्क्रमण देखिएको छ । अठार जना भने जिल्ला बाहिरका रहेको उहाँले बताउनुभयो । जिल्लामा सङ्क्रमितको सङ्ख्या ६२७ पुगेको छ । तीमध्ये सबैभन्दा बढी भरतपुर महानगरपालिकाका ३६४ जना छन् । त्यस्तै रत्ननगरका ८२, राप्तीका ७६, माडीका ५०, खैरहनीका ४३, कालिकाका नौ र इच्छाकामना गाउँपालिकाका तीन जना रहेका छन् ।

शनिबारै यहाँको चितवन मेडिकल कलेजमा उपचार गराइरहेका दुई जना सङ्क्रमितको मृत्यु भएको छ । कोरोना सङ्क्रमणबाट हालसम्म जिल्लामा ११ जनाको मृत्यु भएको छ । तीमध्ये चार चितवनका हुन् भने अन्य उपचारका लागि यहाँ आएका हुन् । जिल्लाको सरकारी अस्पताल भरतपुर, दुई मेडिकल कलेज, निजी अस्पताल, संस्थागत आइसोलेसन र घरमा सङ्क्रमित रहेका छन् । एकै दिन यतिधेरै सङ्क्रमण देखिएको यो पहिलो हो । दैनिक सङ्क्रमण बढ्दै गएपछि जिल्लामा निषेधाज्ञा जारी गरिएको छ ।

चित्तलको मासुसहित पक्राउ

चितवन राष्ट्रिय निकुञ्जले शनिबार चित्तलको मासुसहित चार जनालाई पक्राउ गरेको छ । निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको वट्टुकदल गण प्यारिधाप गुल्म र निकुञ्जको गस्ती टोलीले उनीहरूलाई राप्ती नगरपालिका ६ बाट पक्राउ गरेको हो ।

निकुञ्जका अनुसार पक्राउ पर्नेमा राप्ती ६ का ३५ वर्षीया पैगी चौधरी, १९ वर्षीय साजन चौधरी, ३० वर्षीया सुमित्रा चौधरी र एक जना नाबालिग रहेका छन् । उनीहरूलाई एकता सामुदायिक वनमा पासो थापी चित्तल मारेको आरोपमा पक्राउ गरिएको हो । घटनास्थलमा गएको प्रहरीसहितको टोलीले चित्तलको मासु र चित्तल थाप्न प्रयोग भएको पासो बरामद गरेको छ ।

घटनास्थलबाट १२ किलो, पैगी चौधरीको धान खेतबाट पाँच किलो र सुमित्रा चौधरीको खेतबाट एक किलो मासु बरामद भएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालले जानकारी दिनुभयो । पक्राउ परेकाहरूको अनुसन्धान भइरहेको उहाँको भनाइ छ । अपराध प्रमाणित भएमा रु २० हजारदेखि ५० हजारसम्म जरिवाना र छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।

## कूल सङ्क्रमितमध्ये एक अस्पतालमा मात्रै ४१ प्रतिशत

काभ्रेपलाञ्चोक । जिल्लाको कूल कोरोना सङ्क्रमितमध्ये ४१ प्रतिशत बनेपा नगरपालिका-१३ भैँसेपाटीस्थित स्पाइनल इन्जुरी अस्पतालमा मात्रै छन् । उक्त अस्पतालमा पछिल्ला केही दिनमा सङ्क्रमितको सङ्ख्या बढिरहेको तथ्याङ्कले देखाएको छ । शनिबार मात्रै थप ३६ मा सङ्क्रमण पुष्टि भएको हो । हालसम्म उक्त अस्पातालमा जिल्लाको कूल सङ्क्रमितमध्ये ४० दशमलव ३१ अर्थात् १०४ सङ्क्रमित भएका छन् । तीमध्ये ७२ अस्पतालमा उपचाररत बिरामी र बिरामी कुरुवा सङ्क्रमित छन् । यसबाहेक अस्पतालका २७ कर्मचारी, ११ प्रशिक्षक र अस्पतालको क्यान्टिनमा कार्यरत चार सङ्क्रमित भएको कोभिड-१९ रोकथाम तथा नियन्त्रण कमाण्ड पोष्ट काभ्रेपलाञ्चोकले जनाएको छ । पोष्टका अनुसार सङ्क्रमितमध्ये ९६ सोही अस्पतालमै, छ होम आइसोलेसनमा रहेको, एक बनेपास्थित शिर मेमोरियल अस्पताल र बाँकी एकको नेपाली सेनाको अस्पतालमा उपचार भइरहेको छ । अस्पतालको सम्पर्कमा रहेका १२ स्थानीयवासीमा समेत सङ्क्रमण देखिएको पोष्टका सदस्यसचिव एवं जिल्ला स्वास्थ्य कार्यालय प्रमुख नरेन्द्र झाले बताउनुभयो । "उक्त अस्पतालमा केही दिनदेखि अप्रत्याशितरूपमा सङ्क्रमितको सङ्ख्या बढिरहेको छ, अस्पतालका अन्य र सङ्क्रमित स्थानीयको सम्पर्कमा रहेकामा थप कन्टचाक्ट ट्रेसिङ गरी परीक्षणको दायरा बढाइरहेका छौं", उहाँले भन्नुभयो । झाका अनुसार यसअघि धुलिखेल अस्पतालमा मात्रै कोरोना भाइरस परीक्षण गर्दै आइएकामा हालै मात्र सदरमुकाम धुलिखेलमा प्रादेशिक प्रयोगशाला स्थापना भएपछि सङ्क्रमण परीक्षणको दायरा बढाउन निकै सहज भएको छ ।

# रामेछाप नगर उधोग बाणिज्य संघले मानवीय हितलाई पहिलो ठानेर काम गरिरहेको छ

नेपालमा कोरोनाको महामारी नियन्त्रणको निम्ति सरकारले लगाएको लकडाउनका कारण ब्यवसायहरू प्राय ठप्प छन् । ब्यवसायीहरूको अप्ठ्यारो निक्कै छ । यस्तो अप्ठ्रो स्थितिमा पनि ब्यवसायीहरूले ग्रहकहरूलाई सेवा दिईरहेका छन् त्यो काम प्रशंसनीय काम हो ।

त्यस्तै काम रामेछाप नगर उद्योग बाणिज्य संघ रामेछापले गरिरहेको छ । त्यही रामेछाप नगर उधोग बाणिज्य संघका बर्तवान अध्यक्ष शम्भु श्रेष्ठसँग हामीले रामेछाप नगर उधोग संघले गरिहेको कामको वारेमा कुराकानी गरेका छौ । प्रस्तुत छ उहासँगको कुराकानी

**लकडाउन शुरू भएदेखि ब्यवसायको अवस्था कस्तो अवस्थामा चलाईराख्नु भएको छ ?**

धन्यवाद मेरो बिचारहरू राख्न दिनुभएकोमा,

विश्वमा आताङको रूपमा फैलिएको नोभल कोरोना भाइरस ( कोभिड -१९) सन. २०१९ डिसेम्वर ३१ मा चिनको बुवानवाट शुरू भएकोमा नेपालमा समेत त्यसको प्रकोप आएर २०७६ चैत्र ११ गतेदेखि बन्दाबन्दी शुरू भएपश्चात दैनिक जीवन यापनमा प्रतिकुल प्रभाव परेको छ ।

मानिसहरू दैनिका ज्याला मजदुरी गरी जीवन यापन गरिरहेको अवस्थामा सवै खालका कलकारखाना, उधोग धन्दा, निर्माण कार्य ठप्प हुदा प्रत्यक्ष रूपमा ब्यापार - ब्यवसाय गर्नेहरू मारमा परेका छन् । दैनिक आम्दानी छैन ।

उधारो लगेको तिर्ने त परैजाओस् आज खाने खरिद गर्ने पैशा छैन क्रेतासँग । यसरी लकडाउन तथा निषेधज्ञाले हामी ब्यवसायीहरू घरभाडा कसरी तिर्ने, ऋणको ब्याज कहावाट ल्याएर तिर्ने, घरधन्दा कसरी चलाउने ठुलो समस्यामा परेका अवस्थामा छौ ।

यो ठुलो समस्या हुदाहुदै पनि यो संकटको समयमा हामी रामेछाप नगर उधोग बाणिज्य संघले मानवीय हित पहिलो ठानेर सम्भव भएजतिका सवै खालका संयन्त्र प्रयोग गरी ग्रहकहरूको सेवालाई पहिलो प्रथामिकता दिएका छौ ।

**जस्तै नगरभित्रका ब्यवसायीहरूको लागि के के काम भएका छन् र ग्रहकको लागि कुन महत्पुर्ण काम भएको छ ?**

१ ब्यवसायीहरूलाई सचेतना जगाउने

२ भौतिक दुरी कायम गरी ब्यवसाय सञ्चालन गर्न स्यानिटाईजर, मास्क, ह्यान ग्लोब प्रयोग गरी सामाजिक दुरी कायम गरि ग्रहकलाई सेवा दिइरहेका छौ ।

३ नगर भित्रको हकमा अवस्था हेरेर निक्कै बिपन्न परिवार जो प्रमाणित भएमा त्यस्ता बर्गहरूलाई रामेछाप नगर उधोग बाणिज्य संघले मानवीय बचाउ अभियाँनलाई सहयोग गर्ने काम गर्नेछ ।

**रामेछाप नगरपालिका र नगर उधोग बाणिज्य संघबीच कस्ता खालका सहमति हुने गरेका छन् ?**

सक्रमण रोकथामका औजार जस्तैः पञ्जा, माक्स, स्यानिटाइजर प्रयोग गरी राज्यले तोकेको समयसम्म उचित मुल्यमा ति सर सामानहरू ब्यवसायीहरूले बिक्री बितरण गर्ने सहमति भएको छ ।

अर्को नगरभित्र संञ्चालनमा रहेका ब्यवसाय र नगपालिका बीचमा उधोग, ब्यपार , ब्यवसाय सञ्चालन गर्न दुबै पक्षाको सहमति भएअनुसार नगरपालिकाले ब्यवसायीहरूलाई सहजीकरण गर्ने सहमति भएको छ । यो अत्यन्तै राम्रो पक्ष हो ।

**त्यो २०७२ को महाभुकम्प, भारतको नाकाबन्दी र अहिलेको कोरोना महामारीको संकटको घटनापछि ब्यवसायीहरूले आउदा दिनमा के तयारी गर्नुपर्ने रहेछ भन्ने पाठ पाउनु भयो ?**

अपरझट आईपर्ने महामारी, प्रकृतिक प्रकोप, हाम्रो देश भुपरिवेष्ठित राष्ट्र भएको कारण कतिखेर के आईपर्छ भन्ने एकिन हुन सक्दैन । त्यसकारण समयमा नै सचेत हुनुपर्छ भन्ने पाठ सिक्यौ ।

जस्तै, कमाइको केही रकम सञ्चित गरि राख्ने, आधारभुत आवश्यताका सामानहरू भण्डारण गरी राख्ने, आधारभुत आवश्यकताका सामानहरू स्टक राख्नुको साथसाथै स्थानीय रूपमा पनि आत्मनिर्भरमुखि उत्पादन गर्नुपर्ने जस्ता आदी इत्यादी गर्नुपर्ने धेरै कामको सोच बनाएका छौं ।

**रामेछाप बजारमा परापुर्वकाल देखि लाग्दै आएको ऐतिहाँसिक हाट बजार बन्द छ । यसको बारेमा तपाईको धारणा के छ ?**

रामेछापको विहिवार लाग्ने हाट बजार परापुर्वकाल देखि नै स्थानीय स्तरको सामान बिक्री बितरण गर्ने स्थानको रूपमा परिचित ठाउँ हो । यो कोरोना संक्रमण रोकथामको लागि बन्द छ । महामारी नियन्त्रण भएपछि निरन्तर हुन्छ यसमा कुनै दुविधा छैन । आशा गरौ कोरोनाको संक्रमण चाडै नियन्त्रण होस ।

**गाउँका किसानको तरकारी बारीमा कुहिन्छ तर भारतीय तरकारी याहाँ आईपुग्छ यसको विकल्पमा तपाईको सोचाई के छ ?**

किसानको तरकारी अन्यत्र ठाउँमा कुहिएको होला तर रामेछापमा छैन । कृषकले पाउनुपर्ने मुल्य नपाएको हुन सक्छ । किसानको तरकारी खेर नजानको लागि नगरपालिका र रामेछाप नगर उधोग वाणिज्य संघ ब्वि छलफल भई हरेक दिन बिहान ६ बजे देखि १० बजेसम्म सामाजिक दुरी कायम गरी विक्री बितरण गर्न पाउने व्यवस्था मिलाइएको छ र सो अनुसार चलिरहेको छ ।

भारतीय तरकारीको सन्दर्भमा नेपालकै तराई क्षेत्रवाट महामारी पहिला पनि आउथ्यो र हाल पनि आइनै रहेको छ ।

**अन्तमा ब्यवसायी आम ग्रहकवर्गहरूलाई के भन्न चाहानुहुन्छ ?**

यो संकटको घढीमा सवै मिलेर संकटको सावधानमा लागौ । सचेत रहौ । सजग रहौ । ब्यवसायी मित्रहरूले धैर्य गरौ जुकसुकै काम आशा र बिश्वासले पुरा गरिन्छ । आउदा दिनहरू छन् ति दिनहरूको आशा गरेर भएपनि हामीले गर्नुपर्ने दाईत्वहरू नर्बिसौ भन्न चाहान्छु ।

त्यस्तै ग्रहक बर्गहरूको लागि आवश्यक काम भन्दा बाहिर ननिस्कौ एकले अर्कोलाई सकेको सहयोग गरौ । संकट वेला सवै मिल्नुको विकल्प हुदैन । सवै मिलेर अहिलेको संकटलाई परास्त गरौं ।




**शम्भु श्रेष्ठ**
**अध्यक्ष, रामेछाप नगर उद्योग बाणिज्य संघ**

# जनता आवासले बनायो ३३३ विपन्न परिवारका नयाँ घर

डोटी । जिल्लामा सञ्चालन भइरहेको आवास कार्यक्रमले जिल्लाका ३३३ दलित तथा विपन्न परिवारका नयाँ घर निर्माण गरेको छ । सुदूरपश्चिम प्रदेश सरकारद्वारा सञ्चालन हुँदै आएको उक्त कार्यक्रमले घरबार नभएका सयौं दलित समुदायका घर निर्माण गर्न थालेपछि यहाँका दलित समुदाय निकै खुशी भएका छन् ।

जमिन भएका तर घर बनाउने रकम नभएका गरिब, दलित तथा लोपोन्मुख परिवारलाई उक्त कार्यक्रममा समावेश गरी निःशुल्क घर निर्माण गरिएको शहरी विकास तथा भवन निर्माण कार्यालय दिपायल राजपुरका सवइञ्जीनियर योगेन्द दाहालले बताउनुभयो । उहाँले भन्नुभयो, "जग्गा भएका तर घर बनाउने रकम नभएर बसेका नागरिकलाई प्रदेश सरकारको आर्थिक सहयोगमा जनता आवास कार्यक्रमले निःशुल्क घर बनाउन थालेको छ, यसबाट गर्दा विपन्न समुदायले नयाँ घरमा बस्न पाउन थालेका छन् ।"

उक्त कार्यक्रम लागू भएर निःशुल्क घर निर्माण हुन थालेपछि यहाँका विपन्न वर्गहरु निकै खुशी भएका दिपायल सिलगढी नगरपालिका ५ घोलतडाका स्थानीय किरण भण्डारीले बताउनुभयो । उहाँले भन्नुभयो, "घर नभएर समस्यामा परेका दलितसहित अन्य आर्थिक स्थिति कमजोर भएका परिवारलाई प्रदेश सरकारको जनता आवासले घर बनाउन थालेको छ, जसले गर्दा घर नभएकाले नयाँ घरमा बस्न पाउन थालेका छन् ।" उक्त कार्यक्रमले श्रमदानबाहेक कूल रू तीन लाखमा एकतले जस्ताले छाएको दुईकोठे भवन निर्माण गर्न थालेको हो । प्रदेश सरकारको जनता आवास कार्यक्रमले निर्माण गरेका सबै घर भूकम्प प्रतिरोधात्मक भएको शहरी विकास तथा भवन निर्माण कार्यालय दिपायल राजपुरका सबइञ्जीनियर दाहालले जानकारी दिनुभयो ।

विगतमा आफूसँग भएका जीर्ण अवस्थाका घरमा बस्नु पर्दा पानी पर्दा चुहिने तथा भत्किने डरले अर्काको घरमा शरण लिन जानुपर्ने बाध्यता भएको दिपायल सिलगढी नगरपालिका ५ घोलतडामा जनता आवासले बनाएको नयाँ घर पाएका स्थानीयवासी बहादुरे कोलीले बताउनुभयो । उहाँले भन्नुभयो, "विगतमा आफूसँग राम्रो घर नहुँदा पानी पर्दा घर चुहिएर कहिले रातभरि जाग्राम बस्नुपर्ने हुन्थ्यो त कहिले पहिराको डरले अर्काको घरमा शरण लिनुपर्थ्यो, सरकारले घर बनाइदियो, अहिले राम्रो भएको छ ।" भवन निर्माणसँगै उक्त कार्यक्रमले शौचालयसमेत निर्माण गरेको छ ।

सरकारले विपन्न परिवारलाई घरसहित शौचालयसमेत निर्माण गरिदिएपछि जिल्लामा खुला दिसामुक्त क्षेत्र भएको छ । यहाँको स्थानीय सरकारले खुला दिसामुक्त जिल्ला घोषणा गर्न लागिरहे पनि गर्न सकेको थिएन । अहिले जनता आवासले सबैका घरमा शौचालय निर्माण गरेपछि स्वतःस्र्पमा खुला दिसामुक्त भएको दिपायल राजपुरका स्थानीयवासी हरिश कठायतले बताउनुभयो । उहाँले भन्नुभयो, "हाम्रो जिल्ला कागजमा खुला दिसामुक्त थियो तर व्यवहारमा थिएन अहिले जनता आवासले शौचालय बनाउन थालेपछि खुला दिसामुक्त आफैं हुँदैछ ।"

आवासहीनलाई घर उपलब्ध गराउने उद्देश्यले विसं २०६६/६७ मा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको पालादेखि जनता आवास कार्यक्रम शुरू भएको थियो । पहिलोपटक सिरहा, सप्तरी र कपिलवस्तुबाट प्रतिवर्ष एक/एक हजार घर निर्माण गर्ने लक्ष्यका साथ जनता आवास कार्यक्रम शुरूआत गरिएको भए पनि अहिले सुदूरपश्चिम प्रदेश सरकारले विपन्न तथा दलित परिवारका आवास निर्माण गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेशका नौवटै जिल्लामा उक्त कार्यक्रम लागू गरेको बताइएको छ । 'जनता आवास कार्यक्रम' सुदूरपश्चिम प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत सञ्चालन भइरहेको छ । उक्त कार्यक्रमले जिल्लामा कम्तीमा पनि एक हजार घर निर्माण गर्ने योजना बनाएको छ ।

**गण्डीखोलामा पुल बनेपछि स्थानीयवासीलाई सहज**

जिल्लाको पूर्वीचौकी गाउँपालिका( ७ पोखरीमा रहेको टिमुरदहस्थित गण्डीखोलामा झोलुङ्गे पुल निर्माण भएपछि स्थानीयवासीलाई आवतजावत गर्न सहज भएको छ । पुल निर्माण भएसँगै स्थानीयवासीमा खुशीयाली समेत छाएको छ ।

विगतका वर्षमा पुल नभएका कारण बर्सातको समयमा खोलाबाट आवतजावत गर्नुपर्ने भएका कारण कतिपय स्थानीयवासीको खोलाले बगाएर ज्यानसमेत जाने गरेको थियो । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र पूर्वीचौकी गाउँपालिकाको रू ४६ लाख ८२ हजारमा उक्त पुल निर्माण भएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर खड्काले जानकारी दिनुभयो । जिल्लामा कार्यरत रहेको केदार ग्रामीण समाज नेपालको प्राविधिक सहयोगमा उक्त पुल निर्माण सम्पन्न भएको हो ।

वर्षौंदेखि पुल नहुँदा गण्डीखोला आवतजावत गर्न समस्या भोग्दै आएका त्यहाँका नागरिक अहिले पुल बनेपछि आवतजावत गर्नमा निकै सहज भएको भन्दै खुशी भएका पुल निर्माण उभोक्ता समितिका अध्यक्ष नन्दसिंह महराले बताउनुभयो । उहाँले भन्नुभयो, "खोलामा पुल नहुँदा निकै समस्या हुँदै आएको थियो, अहिले पुल बनेपछि यहाँका नागरिकलाई सहज भएको छ, सबै खुशी भएका छन् ।"

उक्त खोलामा पुल नहुँदा स्थानीयवासी दैनिक आवतजावत गर्न ज्यान जोखिममा राखेर वारपार गर्नुपर्ने वाध्यता हटेको स्थानीयवासी दिनेश बोहराले बताउनुभयो । उहाँले भन्नुभयो, "पुल नहुँदा ज्यान जोखिममा राखेर खोला तर्न बाध्य थियौं, अहिले पुल बनेको छ, कसैले अकालमै ज्यान गुमाउनुपर्ने छैन, हामी सबैलाई सहज भएको ।" उक्त पुलको लम्बाइ ९३ मिटर रहेको छ । नेपाल सरकारको तुइनमुक्त गर्ने अभियानअन्तर्गत सो खोलामा झोलुङ्गे पुल निर्माण गरिएको गाउँपालिका अध्यक्ष दीर्घराज बोगटीले जानकारी दिनुभयो ।

# निषेधाज्ञाको मारमा व्यवसायी

वागलुङ । तीन महिनासम्म नराम्ररी थलिएको व्यापार/व्यवसाय बन्दाबन्दी हटेसँगै विस्तारै चलायमान हुँदै थियो । ऋण किस्ता, ब्याज र भाडाको भारले थिचिएका व्यवसायीमा छिट्टै उठ्ने आशा जाग्दै थियो । पूर्ववत् स्थितिमा झैं कारोवार नभए पनि पसलको खर्च र कर्मचारीको व्ययभार थामिँदै थियो तर निषेधाज्ञाका कारण पुनः एकाएक बजार बन्द भयो ।

बन्दाबन्दीपछि बौरन लागेको व्यवसायमा फेरि मार थपियो । कोरोना सङ्क्रमणको त्रासले व्यवसाय बन्दाबन्दीको पुरानै स्थितितिर फर्कियो । सोमबार बागलुङ नगरपालिकामा निषेधाज्ञा जारी भएको दुई साता पुग्दैछ । यस बीचमा बागलुङ नगर क्षेत्रमा कोरोना सङ्क्रमित थपिएका छन् ।

समुदायमा सङ्क्रमण फैलनबाट रोक्न स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको हो ।

# एनआईसी एशिया बैंकको सुपर सिक्स योजना सार्वजनिक

एनआईसी एशिया बैंकले विद्युतीय भुक्तानीलाई प्रोत्साहन गर्नका 'सुपर सिक्स योजना' सार्वजनिक गरेको छ । यस 'सुपर सिक्स योजना' अनुरुप ग्राहकले

NIC ASIA
एन आई सी एशिया बैंक लि.

बैंकको मोबाइल बैंकिङ्गमार्फत हप्तामा ६ वटा कारोबार गर्दा छैटौं कारोबार रकमको ६ प्रतिशत वा ५ सयसम्म रकम फिर्ता प्राप्त गर्न सक्नेछन् । यो योजना भदौ २७ गतेसम्म गरिएको कारोबारका लागि मात्र मान्य हुने र न्यूनतम सय सम्मको कारोबार गर्नुपर्ने बैंकले जनाएको छ । बैंकले १५ हजारभन्दा बढी क्यूर आर मर्चेन्टमार्फत विद्युतीय कारोबार हुँदै आएकोमा कोरोना भाइरसको परिस्थितिमा जुनसुकै स्थानबाट जुनसुकै समयमा सम्पूर्ण कारोबार मोबाइल बैंकिङ्गमार्फत गर्न प्रोत्साहन लागि यस्तो योजना ल्याएको बैंकले जनाएको छ । बिजुली एवं खानेपानीको महसुल, मोबाइल रिचार्ज खरिद, बीमा प्रिमियम भुक्तानी, टेलिभिजनको बिल लगायतका घरायसी बिलको जुनसुकै स्थानबाट जुनसुकै समयमा विद्युतीय भुक्तानी गर्न मिल्ने व्यवस्था बैंकले गरेको छ । यस योजनामा मोबाइल बैंकिङ्गमार्फत गरिने वालेट लोड, रकम ट्रान्सफर र क्रेडिट कार्ड भुक्तानीलाई समावेश भने नगरिएको बैंकले जनाएको छ ।

# इन्द्रजात्रामा सानिमा बैंकको क्यूआर कोड यात्राको सौगात

सानिमा बैंकले इन्द्रजात्राको अवसर पारेर 'इन्द्रजात्रा क्यूआर कोडको यात्रा' योजना ल्याएको छ । योजनाअन्तर्गत बैंकका संस्थागत व्यावसायिक खातावाहकले काठमाडौं उपत्यकाको विशेष जात्रा इन्द्रजात्राको दिन डिजिटल भुक्तानीको सरल, सुरक्षित माध्यम क्यूआर कोडका लागि आवेदन दिंदा ५ सय रुपैयाँबराबरको मोबाइल टपअप उपहार स्वरुप प्राप्त गर्ने बैंकले जनाएको छ । यस योजनामा

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

सहभागी हुनका लागि संस्थागत व्यावसायिक खातावाहकहरुले घरैबाट रजिस्ट्रेसन गर्न सक्नेछन् । यसैगरी बैंकमा खाता नहुनेहरुले पनि यो योजनामा सहभागी हुन बैंकमा आफ्नो व्यक्तिगत तथा संस्थाको विवरण खुलाई खाता खोलेर क्यूआर कोड मर्चेन्ट बन्न निवेदन पेस गर्नुपर्नेछ । यसरी सहभागी क्यूआर मर्चेन्टले बैंकका तर्फबाट ५ सय रुपैयाँको मोबाइल टपअप प्राप्त गर्नेछन् । यो योजना भदौ १६ गते इन्द्रजात्राको दिन काठमाडौं उपत्यकाका लागि मात्र लागु हुने बैंकले जनाएको छ ।

# ग्रीन डेभलपमेण्ट बैंक आठौं वर्षमा

पोखराको सभागृह चोकमा केन्द्रीय कार्यालय रहेको ग्रीन डेभलपमेण्ट बैंकले स्थापनाको सातौं वर्ष पूरा गरी आठौं वर्षमा प्रवेश गरेको छ । सो अवसरमा बैंकको केन्द्रीय कार्यालय परिसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ । रक्तदान कार्यक्रममा १३ पिन्ट रगत संकलन भएको बताइएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत उमेशकुमार आचार्यले कोरोना भाइरसको जोखिम र यसले निम्त्याएको विषम परिस्थितिमा भइरहेको रगतको अभावलाई कम गर्न बैंकले आफ्नो वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम गरेको बताए । बैंकले विभिन्न किसिमका आधुनिक बैंकिङ्ग सुविधा प्रदान गर्नुका साथै स्थानीयस्तरमा छरिएर रहेको पुँजीलाई एकीकृत गरी स्थानीयस्तरमै सञ्चालित उद्यमशिलता सम्बन्धित तथा अन्य उत्पादनशिल क्षेत्रलाई प्राथमिकतामा राखी विभिन्न कर्जा उपलब्ध गराउँदै आएको उनले बताए । सोही अवसरमा बैंकले बागलुङस्थित हनुमान नाच संरक्षण परिषद् (राम मन्दीर)को संरक्षरण तथा प्रवर्द्धनका लागि आर्थिक सहयोग समेत प्रदान गरेको छ । कार्यक्रममा बैंकका सञ्चालक कृष्णशंकर श्रेष्ठले चेक हस्तान्तरण गरे ।

# सिद्धार्थ बैंकको ग्रीनपिन सेवा सुचारु

काठमाडौं । सिद्धार्थ बैंक लिमिटेडले २०७७ भाद्र १५ गते देखि बैंकिङ्ग सेवा अझ बढी प्रभावकारी एवं वातावरणमैत्री बनाउने उद्देश्यले कार्डको पिनकोड प्राप्त गर्नकालागि ग्रीनपिन सेवा सुचारु गरेको छ । यस सुविधा संचालन

SiddharthaBank

पश्चात् बैंकका ग्राहकहरुले डेबिट र क्रेडिट कार्डको ग्रीनपिन सोझै आफ्नो मोबाईल नम्बरमा प्राप्त गरी कार्डको पिन निर्धारण गर्न सक्नेछन् । ग्राहकहरुले आफ्नो नयाँ कार्डको पिन सिद्धार्थ बैंकको कुनै पनि ब्टः वा ल्भ्एक सदस्य रहेकाकेहि बैंकहरुको एटिएमबाट निर्धारण गर्न सक्नेछन् । यसरी पिननिर्धारण गर्न एटिएममा कार्ड राखेपछि ग्राहकहरुलाई बैंकमा रजिष्टर्ड आफ्नो मोबाईल नम्बरमा एसएमएस मार्फत ग्रीनपिन आउने छ । प्राप्त ग्रीनपिन ग्राहकहरुले एटिएममा राखी आफ्नो नयाँ पिननम्बर निर्धारण गर्न सक्नेछन् । पिन सफलतापूर्वक परिवर्तन भएपछि, कार्ड सक्रियहुनेछ र यस पश्चात् ग्राहकहरुले आफ्नो कार्ड ब्टः, एइक् मेसिन तथा अनलाईन कारोबारमा सजिलै प्रयोग गर्न सक्नुका साथसाथै अन्य बैंकका ब्टः हरुमापनि बिना कुनैअतिरिक्त शुल्क प्रयोग गर्न सक्नेछन् । बैंकले ल्याएको यस सुविधाले ग्राहकहरुलाई सहज सेवा उपलब्ध हुने ।

# राष्ट्र बैंकले शुरु गर्यो फोर्स मर्जरको पहिलो चरण

काठमाडौं । नेपाल राष्ट्र बैंकले फोर्स मर्जको प्रक्रिया शुरु गरेको छ । चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत् केन्द्रीय बैंकले एकाघर परिवारको सेयर स्वामित्व भएका बैंक तथा वित्तीय संस्थालाई मर्जरमा जाने निर्देशन दिने उल्लेख गरेको छ । सोहि निर्देशनको कार्यान्यवनका लागि बैंक तथा वित्त कम्पनीसँग गत आवको असार मसान्तसम्मका सेयरधनीको विवरण पठाउन राष्ट्र बैंकले गत साउन १४ गते नै भदौ १५ गतेसम्मको समयावधि तोकेर चिठी पठाएको थियो । केन्द्रीय बैंकद्वारा बैंक तथा वित्त कम्पनीलाई पठाउन निर्देशन दिएको पत्रमा भनिएको छ- 'बैंक तथा वित्तीय संस्थाले २०७७ असार ३१ गतेसम्म कायम रहेको संस्थापक सेयरधनी यसैसाथ संलग्न ढाँचा बमेजिमको विवरण (प्रमाणित सेयर धनी दर्ता किताब समेत) यस बैंकको रिपोर्टिङ पोर्टलमार्फत २०७७ भदौ




१५ गतेभित्र उपलब्ध गराउन अनुरोध गर्दछु ।' साथै, संस्थापक सेयरधनी संस्थामा भएका संस्था, फार्म, कम्पनीको दर्ता गर्ने सम्बन्धीत निकायबाट प्रमाणित सेयरधनी दर्ता किताबअनुसारको अन्तिम हिताधिकारी प्राकृतिक व्यक्ति पहिचान हुने विवरण समेत संलग्न गरी पठाउन राष्ट्र बैंक नियमन विभागले बैंक तथा वित्त कम्पनीलाई निर्देशन दिएको थियो । निर्देशनअनुसार सबै बैंक तथा वित्त कम्पनीहरुले सेयरधनीको सम्पूर्ण विवरण पठाइसकेको राष्ट्र बैंक नियमन विभागका एक अधिकारीले बताए । 'विवरण प्राप्त भइसकेको छ, प्राप्त विवरणमा अब समिति बनाएर अध्ययन शुरु गर्छौं,' ती अधिकारीले क्लिकमाण्डूलाई भने, 'मौद्रिक नीतिमा उल्लेख भएका मर्जर सम्बन्धी नीतिको कार्यन्यवनमा यो पहिलो प्रक्रिया शुरु गरिएको हो ।'

एकाघर परिवारको कति प्रतिशत सेयर स्वामित्वलाई क्रस होल्डिङ मानेर मर्जरमा जान निर्देशन दिने भन्ने विषयमा भने छलफल भइरहेको स्रोतले जानकारी दिएको छ । यदी कुनैपनि बैंक तथा वित्तीय संस्थामा सीमाभन्दा बढी एकाघर परिवारको सेयर स्वामित्व भेटिएमा तत्कालै फोर्स मर्जरमा जान राष्ट्र बैंकले निर्देशन दिने स्रोतको भनाइ छ । 'अध्ययन तत्कालै सुरुभएपनि क्रस होल्डिङ भेटिउका बैंक तथा वित्त कम्पनीलाई कोभिडको असर सामान्य भएपछि मर्जरमा जान निर्देशन राष्ट्र बैंकले दिन्छ ।' राष्ट्र बैंक स्रोतले भन्यो ।

# लकडाउनका कारण क्रेडिट कार्डको कारोबार घट्यो

काठमाडौं । लकडाउनका कारण क्रेडिट कार्डबाट हुने कारोबारमा १६.३८ प्रतिशतले कमी आएको छ । सरकारले गरेको लकडाउनका कारण व्यापार व्यवसाय बन्द हुँदा क्रेडिट कार्ड प्रयोग गर्नेहरु समेत ८.३८ प्रतिशतले घटेका छन् । लकडाउनको ४ महिनामा अर्थिक गतिविधि प्रायः ठप्प हुँदा क्रेडिक कार्ड प्रयोगकर्ता घट्नुका साथै यसमार्फत् हुने कर्जाको कारोबार समेत घटेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ । नेपाल क्रेडिट कार्ड वाणिज्य बैंकहरुलाई मात्र प्रयोगमा ल्याउन राष्ट्र बैंकले अनुमति दिएको छ । सञ्चालनमा रहेका २७ वाणिज्य बैंकका फागुन मसान्तसम्म १ लाख ६० हजार २९७ जना क्रेडिट कार्ड प्रयोगकर्ता थिए । लकडाउनको ४ महिनामा १३ हजार क्रेडिट कार्ड प्रयोगकर्ता घटेर गत आर्थिक वर्षको असार मसान्तसम्म १ लाख ४६ हजार ८ सय ५६ जनामा सीमित भएका छन् ।

के हो क्रेडिट कार्ड, कसरी प्रयोग गरिन्छ ?

क्रेडिट कार्ड भनेको विद्युतीय भुक्तानी कार्ड हो । बैंकले ग्राहकलाई सोको आधारमा सीमा तोकेर क्रेडिट कार्ड जारी गर्छ । हाल नेपालमा बैंकहरुले कार्डको सीमा आम्दानीको शतप्रतिशतदेखि दोब्बरसम्म राखेका हुन्छन् ।

बैंकहरुले क्रेडिट कार्ड जारी गरे पनि उनीहरु यसको भुक्तानीलगायत प्रक्रियाका लागि भने भिसा, मास्टर कार्ड जस्ता भुक्तानी प्रदायक कम्पनीको सदस्यता लिएका हुनुपर्छ । क्रेडिट कार्ड जारी गर्दा बैंकहरुले त्यस वापत केही प्रतिशत शुल्क लिन्छन् भने, सेवा लिए वापत बैंकले मासिक वा वार्षिक शुल्क समेत लिने गर्छन् । यसको प्रयोग सामान वा सेवा खरिद गर्दा उत्पादक, वितरक वा सेवा प्रदायकलाई भुक्तानी गर्नका लागि प्रयोग गरिन्छ ।

कार्डको प्रयोगकर्ता बैंकले तोकिको सीमा भित्र रहेर एटिएम मेसिनबाट रकम निकाल्न पनि सक्छन् ।

क्रेडिट कार्ड प्रयोगकर्ताले आफ्नो खातामा पैसा नभएपनि बैंकले तोकेको सीमासम्मको रकम खर्च गरेर वस्तु तथा सेवा खरिद गर्दा बैंकले सोको भुक्तानी गरिदिन्छ । ग्राहकले भने कार्डमार्फत खर्च गरेको रकम स्टेटमेन्ट आएको न्यूनतम १५ दिनदेखि अधिकतम ४५ दिनसम्म बैंकमा भुक्तानी गर्नुपर्छ ।

यस अवधिमा ग्राहकले कार्डमार्फत् खर्च भएको रकम बैंकमा बुझाउँदा ब्याज लाग्दैन । तर, त्यो अवधि नाघेको अवस्थामा ग्राहकले 'विलम्ब शुल्क' सहित केही प्रतिशत ब्याज समेत तिर्नुपर्छ ।

फस्टाउन नसकेको क्रेडिट कार्डको कारोबार लकडाउनले अझ घटायो

नेपालमा पहिलोपटक २०५० सालमा नबिल बैंकले क्रेडिट कार्डको शुरुवात गरेको थियो । अहिले सञ्चालनमा रहेका सबै वाणिज्य बैंकहरुले क्रेडिट कार्ड जारी गरेका हुन्छन् । नेपालमा क्रेडिट कार्ड प्रयोगको शुरुवात भएको २७ वर्ष बितिसक्दा पनि यसको प्रयोगकर्ता र कारोबार भने फस्टाउन सकेको छैन् ।

फस्टाउन नसकेको क्रेडिट कार्डमार्फतको कारोबार लकडाउनको ४ महिनामा १६.१६ प्रतिशतले घटेको छ ।

गत आवको फागुन मसान्तसम्म बैंकहरुले २ अर्ब ८ करोड ५० लाख रुपैयाँ क्रेडिट कार्डमार्फत् कर्जा प्रवाह गरका थिए ।

जुन गत आवको असार मसान्तसम्म आइपुग्दा ३३ करोड ७० लाख रुपैयाँले घटेर १ अर्ब ७४ करोड ८० लाख रुपैयाँमा सीमित भएको छ । गत आवको पुस मसान्तसम्म क्रेडिट कार्डमार्फत् बैंकहरुले २ अर्ब १ करोड ३० लाख रुपैयाँ कर्जा प्रवाह गरेको राष्ट्र बैंकको तथ्यांकले देखाउँछ ।

## बैकिङ्ग संसार

# कोरोनाले ऋण नउठेपछि बैंकरलाई तनाब

काठमाडौं । कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि सरकारले चैत ११ गतेबाट साउन ६ गतेसम्म लकडाउन गरेको थियो । लकडाउनका कारण बैंकहरुले गत आर्थिक वर्षको चौथो त्रैमाससम्म उठाउनु पर्ने साँवा-ब्याज पूरै उठाउन सकेनन् । बैंकर्स संघका अनुसार ०७७ असार मसान्तसम्ममा बैंकहरुले ५१ अर्ब ७५ करोड रुपैयाँ किस्ता र ब्याज उठाउन बाँकी छ ।

यसरी सावाँब्याज नउठे पनि बैंकहरुले त्यसको प्रोभिजनिङका लागि गत वर्षको आम्दनीबाट उल्टै खर्च गर्नुपरेको छ । बैंकरहरुका अनुसार २७ बैंकले नउठेको उक्त कर्जाका लागि १८ अर्ब ७० करोड रुपैयाँ प्रोभिजन गर्नुपरेको छ । राष्ट्र बैंकले असार मसान्तसम्म उठाउनु पर्ने साँवा ब्याजलाई असोज मसान्तसम्म उठाउन समय दिएको छ । राष्ट्र बैंकले सो अघिनै २०७६ पुस मसान्तसम्म असल वर्गमा रहेको कर्जालाई २०७७ असारमा असल वर्गमा नै वर्गिकरण गर्न पाउने सुविधा बैंकहरुलाई दिएको थियो । जसकारण बैंकहरुले असार मसान्तसम्म पनि साँवा ब्याज नउठेको कर्जामा प्रोभिजन नगर्दा पनि हुन्थ्यो । तर बैंकहरु असार निर्धारित समय सीमामा नउठेको ऋण १८ अर्ब ७० करोड रुपैयाँ कर्जा नोक्सानी व्यवस्थाअनुसार प्रोभिजनिङ गरेका छन् । सो प्रोभिजनिङ बैंकले खुद नाफाबाट गरेका हुन् ।

गत आवको पुस मसान्तसम्म सञ्चालनमा रहेका २७ वाणिज्य बैंकले ५ अर्ब ३ करोड रुपैयाँ कर्जामा प्रोभिजनिङ गरेका थिए । जुन चैत मसान्तसम्म आइपुग्दा ५ अर्ब ३३ करोड रुपैयाँ थप भई १० अर्ब ६१ करोड रुपैयाँ बैंकहरुको कर्जामा प्रोभिजनिङ पुगेको छ ।

चैत ११ गतेबाट लकडाउन भएसँगै ऋणीले भुक्तानी गर्नुपर्ने साँवा ब्याज असार मसान्तसम्म गर्न सकेनन् । लकडाउनको ३ महिनाको अवधिमा नउठेको साँवा ब्याजमा बैंकहरुले न्यूनतम ५ प्रतिशत प्रोभिजन गरे । जसकारण चैतमा भएको प्रोभिजनमा असार मसान्तमा ८ अर्ब ३३ करोड रुपैयाँ थप भई यस्तो प्रोभिजन १८ अर्ब ७० करोड रुपैयाँ बढी पुगेको छ । समयमै साँवा ब्याज नउठेर कर्जा प्रोभिजन गर्दा बैंकहरुमा खराब कर्जा अनुपात (एनपीएल) बढेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा बैंकहरुको एनपीएल ०.३० प्रतिशतले बढेको हो । अघिल्लो आव २०७५र७६ मा वाणिज्य बैंकहरुको एनपीएल औषतमा १.४४ प्रतिशत थियो भने गत आवमा बैंकहरुले यस्तो अनुपात औषतमा १.७४ प्रतिशत पुगेको छ ।

कर्जाको वर्णिकरण र प्रोभिजनिङ

राष्ट्र बैंकको कर्जा सम्बन्धी व्यवस्थाअनुसार बैंकहरुले कर्जा लगानी गरेपछि अर्थात् असल वर्गको कर्जामा १ प्रतिशत प्रोभिजन गर्नुपर्छ । केन्द्रीय बैंकको पछिल्लो निर्देशनअनुसार साँवा र ब्याज तिर्न भाखा ननाघेका ३ महिनापछि सम्म पनि त्यो कर्जालाई सुक्ष्म निगरानी (वाच लिस्ट) सुचीमा राख्नु पर्छ । सुक्ष्म निगरानीमा वर्गिकरण भएका कर्जामा बैंकहरुले कर्जा ५ प्रतिशत प्रोभिजन गर्नु पर्छ । यस्तै, तीन महिनादेखि ६ महिनासम्म साँवा र ब्याज तिर्न भाखा नाघेका कर्जालाई कमसल कर्जामा वर्गिकरण गर्नु पर्छ ।

जसमा कर्जाको २५ प्रतिशत प्रोभिजन गर्नु पर्छ । साथै, ६ महिनादेखि एक बर्षसम्म सावाँ ब्याज भुक्तानी नभएको कर्जालाई शंकास्पद कर्जामा वर्गिकरण गर्नुपर्छ । त्यसमा कर्जाकतसे ५० प्रतिशत प्रोभिजन गर्नु पर्छ

त्यसैगरी, एक बर्षभन्दा बढी अवधिमा साँवा ब्याज नउठेमा त्यस्तो कर्जालाई खराब कर्जामा वर्गिकरण गर्नुपर्छ । सोमा कर्जाको शतप्रतिशत प्रोभिजन गर्नु पर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ ।

सुविधाको सदुपयोग नहुँदा प्रोभिजन बढ्यो

राष्ट्र बैंकले पुस मसान्तसम्म असल वर्गको कर्जालाई असार मसान्तसम्म पनि असल वर्गमा नै राख्न भने पनि बैंकहरुले जोखिम देखेको कर्जामा प्रोभिजन गर्न पाउने हुँदा बैंकले तोकिएभन्दा बढी प्रोभिजन गरेको राष्ट्र बैंकका एक अधिकारीले बताए । 'यो अवधिमा बैंकहरुले प्रोभिजन नगरेको भएपनि हुन्थ्यो तर प्रायजसो बैंकले तोकिएको भन्दा बढी प्रोभिजन गरेका छन्,' ती अधिकारीले क्लिकमाण्डूसँग भने, 'असार मसान्तसम्म २/३ वटा बैंक बाहेक सबै वाणिज्य बैंकले वाच लिस्टमा राखेर गर्नु पर्ने प्रोभिजनभन्दा बढी प्रतिशत प्रोभिजन गरेका छन् ।' राष्ट्र बैंकले प्रोभिजनमा सुविधा दिएपनि बैंकहरुले जोखिम भएको ठाँउमा जोखिम अनुसारको प्रोभिजन गर्न आफैंले पनि गर्न सक्छन् । असोज मसान्तसम्म पनि गत वर्षमा नै उठ्नु पर्ने साँवा ब्याज नउठेमा बैंकहरुले त्यस्तो कर्जालाई कमसल कर्जामा वर्गिकरण गरी कर्जाको २५ प्रतिशत प्रोभिजन गर्नु पर्छ । जसकारण आगामि आवमा अधिकांस बैंकहरुको प्रोभिजन अहिलेको तुलनामा दोब्बरभन्दा बढी हुने राष्ट्र बैंकका ति अधिकारीको अनुमान छ । कोरोना र लकडाउनको कारणले सबै क्षेत्रको व्यवसाय खस्किँदा बैंकले उठाउन पर्ने किस्ता ब्याज उठ्न नसक्ने देखेर बैंकहरुले असोज मसान्तसम्म उठ्नु पर्नेमा नै ५ प्रतिशत प्रोभिजन गरिसकेको नेपाल बैंकर्स संघका अध्यक्ष भुवन दाहलले बताए । 'जोखिम भएको कर्जामा बैंकहरुले प्रोभिजन गर्छन्, असोज मसान्तसम्म उठ्नु पर्ने रकम नउठेमा वितरण योग्य नाफा फाइनल रिपोर्ट आउँदा अहिलेको भन्दा २र३ प्रतिशतले घट्न सक्ने सम्भावना छ,' अध्यक्ष दाहालले भने । बैंकहरुले गत आवको चौथो त्रैमासको वित्तीय विवरण सार्वजनिक गर्दा असोज मसान्तसम्मको नै करपछिको नाफा राखिसकेको हुँदा वितरण योग्य नाफाबाट थप प्रोभिजन गर्नु पर्दा वितरणयोग्य नाफामा थप असर पर्ने उनले जानकारी दिए । अहिले बैंकहरुले प्रकाशित गरेको गत आर्थिक वर्षको वित्तीय विवरण लेखा परिक्षण गर्न बाँकी छ ।

जुन असोज मसान्तसम्म उठेको साँवा(ब्याजसहित लेखा परिक्षण गरेर सार्वजनिक गर्दा फरक पर्ने सक्छ । असोज मसान्तसम्म पनि उठ्नु पर्ने साँवा ब्याज नउठेमा त्यसपछि गरिएको प्रोभिजनले बैंकहरुको चालु आवको ब्यालेन्ससिटमा असर गर्ने छ । कोरोनाको असर र क्षेत्रगत रुपमा भइरहेको निषेधाज्ञाले व्यवसायमा नकारात्मक असर पर्न गएर चालु आवको पहिलो त्रैमासबाट नै प्राय बैंकको नाफा नकारात्मक हुने अनुमान संघका अध्यक्ष दाहालको छ । राष्ट्र बैंकले गत आवको असार मसान्तसम्म उठ्नु पर्ने साँवा( ब्याजलाई असार मसान्तसम्म उठाउन समय दिएको छ । सो पछिपनि साँवा-ब्याज नउठेको कर्जालाई वाचलिटमा राखी ५ प्रतिशत प्रोभिजन बैंकहरुले अनिवार्य गर्नु पर्ने राष्ट्र बैंकको बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक मुकुन्द क्षेत्रीले बताए । 'समय थप भएपनि बैंकहरुले असार मसान्तसम्म साँवा ब्याज नउठेको कर्जामा ५ प्रतिशत प्रोभिजन गरिसकेका छन्,' क्षेत्रीले क्लिकमाण्डूसँग भने, 'जसकारण असोज मसान्तपछि पनि साँवा-ब्याज नउठेमा वाचलिस्टमा राख्दा गत आवको प्रोभिजन रकम परिमाण त्यति बढ्दैन ।'

# पृथ्वीराजमार्ग तीन दिनदेखि एकतर्फी

तनहुँ । पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको आँबुखैरेनी-२ स्थित ऐनापहरा नजिक सुक्खा पहिरो खस्दा अवरुद्ध भएको राजमार्ग तीन दिनदेखि एकतर्फीपमा सञ्चालनमा आएको छ । गत शुक्रबार बिहान सडकभन्दा माथि डाँडाबाट सुक्खा पहिरोसँगै ठूलाठूला ढुङ्गा खसेपछि हटाउन नसक्दा एकतर्फी मात्रै सवारी सञ्चालनमा ल्याइएको हो । ठूला ढुङ्गा खसेर सडक अवरुद्ध हुँदा ठूला सवारीलाई आवतजावतमा समस्या भएको इलाका प्रहरी कार्यालय आँबुखैरेनीका प्रहरी निरीक्षक विकास थापाले जानकारी दिनुभयो । पहिरोले राजमार्ग अवरुद्ध भएलगत्तै दुई डोजर प्रयोग गरेर माटो पन्छाए पनि ढुङ्गा हटाउन नसक्दा समस्या आएको हो । उहाँले भन्नुभयो, “ढुङ्गा हटाएर दुईतर्फी सवारी साधन सञ्चालनमा ल्याउन पहल भइरहेको छ ।” अवरुद्ध राजमार्ग एक घण्टाको अवधिमा पहिरो हटाएर एकतर्फी सवारीसाधान सञ्चालन गरिए पनि ढुङ्गा हटाउन नसक्दा दुईतर्फी गर्न कठिनाइ भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख एवं प्रहरी उपरीक्षक अरुण पौडेलले जानकारी दिनुभयो । वर्षायामको समय उक्त क्षेत्रमा पटक-पटक पहिरो खसेर राजमार्ग अवरुद्ध हुने गरे पनि वर्षा नभएको समयमा समेत सुक्खा पहिरो खस्दा सर्वसाधारणले सहजरूपमा आवतजावत गर्न पाएका छैनन् ।

**पुरिएको कुवा डेढ महिनापछि सञ्चालनमा**

तनहुँको व्यासनगरपालिका-१ धुपखोलामा बाढीले पुरिएको खानेपानीको कुवा करिब डेढ महिनापछि शनिबारदेखि सञ्चालनमा ल्याइएको छ । गत असार अन्तिम साता परेको अविरल वर्षापछि खोलामा आएको बाढीले खानेपानीको कुवा ढुङ्गा र माटोले पुरिएको थियो ।

उक्त कुवाको पानी चिसो र मिठो रहेकाले विशेषगरी सुक्खा महिनामा सदरमुकाम दमौलीबाट समेत मानिस पानी लिन आउने गरेको स्थानीय भरत अधिकारीले बताउनुभयो । पहिला-पहिला यस कुवाको पानी नै वडावासीले प्रयोग गर्दै आएको र अहिले घरघरमा पानीको धारा जडान भएपछि कहिलेकाहीँ मात्रै पानी लिन आउन थालेको उहाँले जानकारी दिनुभयो । वनमा जाने, भद्रुडाँडा जाने र बटुवाले समेत उक्त पानी पिउने गर्ने भएकाले यसको संरक्षणमा स्थानीयवासीले जोड दिँदै आएका छन् । कुनै कारणवश खानेपानीको पाइपमा समस्या आएर धारामा पानी आएन भने त्यही कुवाको पानी प्रयोग गर्ने गरिएको अर्का स्थानीय नवीन अधिकारीले बताउनुभयो । खोलामा आएको बाढीले कुवा पुरेपछि वडाध्यक्ष खरसिं दरैलाई भनेर तत्कालै डोजरको सहायताले कुवामा बाढी नपस्ने गराए पनि कुवा पुरिएको केही भाग सरसफाइ गर्न बाँकी रहेकाले स्थानीयवासी कुवा संरक्षणमा लागेका हुन् ।

यस वडाका चारकुने र रत्यौली टोलका बासिन्दाको सक्रिय सहभागितामा बाढीले बगाएर ल्याएको ढुङ्गा, माटो हटाउने र सरसफाइ गर्ने कार्य गरिएको चारकुने टोल विकास संस्थाका कोषाध्यक्ष चन्द्रकला मिश्रले बताउनुभयो । वडाभित्र रहेका पाटीपौवा, कुवा धारालगायतका सम्पत्तिको संरक्षणका लागि सबै एकजुट भएर लाग्नुपर्ने हुँदा आफूले पनि यस कार्यमा सहभागिता जनाएर काम गरेको रत्यौली टोलका राजेश न्यौपानेले बताउनुभयो ।

बर्सात रोकिएपछि पुरिएको कुवा मर्मतसम्भार गर्ने योजना रहे पनि वडामा कोभिड-१९ का सङ्क्रमितको सङ्ख्या बढ्न थालेपछि मर्मत रोकिएको चारकुने टोल विकास संस्थाका निवर्तमान अध्यक्ष ज्ञानेन्द्र जिसीले जानकारी दिनुभयो । स्थानीयवासीले कुवा मर्मतमा चासो देखाए पनि वडा नजिकै एकै घरका पाँच जनामा कोरोना पुष्टि भएसँगै व्यास नगरपालिकाले लकडाउन गरेपछि उक्त कार्य रोकिएको हो । उहाँले भन्नुभयो, “लकडाउन खुलेसँगै मर्मत तथा सरसफाइ कार्य गरियो ।”

# पाँच हजार गाँजाको बोट नष्ट

विदुर । जिल्ला प्रहरी कार्यालय नुवाकोटले आजसम्म गरी चालु आवमा विभिन्न स्थानमा फैलिएको अवैध लागुऔषध गाँजाका पाँच हजार बोट फँडानी गरेको छ । सूर्यगढी गाउँपालिका-१ स्थित लच्याङ र जोङ्डाँडामा विभिन्न व्यक्तिका आँगन तथा करेसाबारीमा प्राकृतिकरुपमा उम्रिएका करीब दुई रोपनी जग्गामा फैलिएको अन्दाजी ३५० बोट गाँजा प्रहरीले आज फँडानी गरेको छ । साथै बेलकोटगढी नगरपालिका-९ सिरान टोल र पोखेल टोल वरिपरि एवं सडकका छेउछाउका भूभागमा रहेका चार रोपनी जग्गामा फैलिएको पाँच सय गाँजाको बोट फँडानी गरिएको छ । त्यस्तै विदुर नगरपालिका-२ सीतापोखरी र तीनधारेमा दुई रोपनी जमीनमा फैलिएको गाँजाकाा ३५० बोट गरी जम्मा आठ रोपनीमा फैलिएको एक हजार दुई सय बोट गाँजाको बोट पनि फँडानी गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक विष्णुहरि फुयाँलले जानकारी दिनुभयो । प्रनि फुयाँलका अनुसार जिल्ला प्रहरी कार्यालयका प्रहरी, सोही मातहतका स्थानमा रहेको इलाका प्रहरी कार्यालय चोगदे, प्रहरीचौकी बागखोरको संयुक्त टोली र स्थानीयवासीको सहकार्यमा गाँजा फडानी गरिएको हो ।


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन इकाई, रामेछाप**

फोन नं.०४८-५४०५६२
pmamp.piu.ramechhap@gmail.com

प.स.:-२०७७/७८

**कार्यक्रम संचालनका लागि माग फारम भर्ने बारेको सूचना**
**(प्रथम पटक प्रकासित मिति : २०७७।०५।१५)**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत यस परियोजना कार्यान्वयन इकाई रामेछापको आर्थिक वर्ष २०७७।७८का लागि वार्षिक स्विकृत कार्यक्रम अनुसार **जुनार/आलु/बाख्रा जोन**(व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र)का लागि तोकिएका क्षेत्रमा सम्बन्धित बाली/बस्तुमा जोन विकास कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा संचालन हुने तपसीलका कार्यक्रममा गर्न चाहने यस कार्यालयमा सूचिकृत भईसकेका उक्त क्षेत्रका ईच्छुक कृषक समूह, कृषि सहकारीहरु र निजीफर्म तथा कम्पनीहरुका आधिकारिक व्यक्तिले यो सूचना प्रथम पटक प्रकासित मितिले ३० दिन (२०७७।०६।१३गते ) भित्र परियोजना कार्यान्वयन इकाई रामेछापवा सम्बन्धित जोनको सम्पर्क कार्यालयमा आई तपसीलमा उल्लेखित कागजात संलग्न राखी कार्यालयले उपलव्ध गराएको माग फारम भर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै २०७७ आश्विन १० सम्ममानियमानुसार सूचिकृत हुने कृषक समूह, कृषि सहकारीहरु र निजीफर्म तथा कम्पनीहरुले पनि कार्यक्रमको लागि माग फारम भर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । माग फारम कार्यालयबाट उपलव्ध हुनेछ ।

**तपशिल :**

| क.स. | स्विकृत कार्यक्रम | इकाई | परिमाण | बजेट (रु लाखमा) | उपलव्ध हुन सक्ने अनुदान प्रतिशत (बढिमा) |
|---|---|---|---|---|---|
| **क) जुनार जोन तर्फ** | | | | | |
| १ | जुनारको क्षेत्रफल विस्तार | हेक्टर | ५० | २२.५० | ५० |
| २ | जुनार बगैचा व्यबस्थापन तथा क्षेत्रगत कीरा नियन्त्रण कार्यक्रम | हेक्टर | ३०० | ३०.०० | ५० |
| ३ | जोन क्षेत्रमा कृषियान्त्रीकरणमा सहयोग | पटक | १ | १४.०० | ५० |
| ४ | प्याकेजिङ, लेबलिङ तथापोष्ट हार्बेष्ट क्षति न्यूनिकरण कार्यक्रम | पटक | १ | ५.०० | ५० |
| **ख) आलु जोनतर्फ** | | | | | |
| १ | जोनको प्रभाव क्षेत्रमा आलुको क्षेत्रफल विस्तार | हेक्टर | ५० | ३५.०० | ५० |
| २ | जोन क्षेत्रमा कृषियान्त्रीकरणमा सहयोग | पटक | १ | १४.०० | ५० |
| ३ | प्याकेजिङ, लेबलिङ तथापोष्ट हार्बेष्ट क्षति न्यूनिकरण कार्यक्रम | पटक | १ | ५.०० | ५० |
| **ग) बाख्रा जोन तर्फ** | | | | | |
| १ | लक्षित जोनमा पशु नश्ल सुधार तथा उत्पादन बृद्धि कार्यक्रम | संख्या | १०० | ४०.०० | ५० |
| २ | जोन क्षेत्रमा कृषियान्त्रीकरणमा सहयोग | पटक | १ | १४.०० | ५० |

**पेशगर्नु पर्ने आवश्यक कागजातहरु**

१.सम्बन्धित सरकारी निकायमाविधिवत रुपमा संस्थादर्ता भएको वानियमानुसार नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी
२.कार्यक्रममा सहभागीहुने बारेमा सम्वन्धित संघ संस्थाको बैठकको निर्णय प्रतिलिपी । ( कुनकुनकार्यक्रम के कति परिमाणमा सहभागीहुनेहो सो खुलाउनु पर्नेछ । साथै आधिकारिक व्यक्तितोक्नु पर्नेछ ।)
३. परियोजनाकार्यान्वयनइकाईले तयार गरेको फर्मेट अनुसारको तथ्याङ्क सम्बन्धिविवरण ।
४.परियोजना कार्यान्वयन इकाईले उपलब्ध गराएको कार्यक्रम माग सम्बन्धी फर्मेट भर्नु पर्ने र क्षेत्र विस्तारको लागि निबेदन दिएको हो भने कार्यक्रम संचालन हुने जग्गाको पूर्जाको प्रतिलिपी संलग्न गर्नु पर्ने ।(जग्गासमुह सहकारीको हकमा कम्तीमा ५० रोपनी र निजी फर्मको हकमा २० रोपनी हुनु पर्ने)
५.भाडामा जग्गा लिई खेती गरी राखेको वा गर्न चाहाने हो भने भाडामा लिएको कम्तीमा ५ वर्षको सम्झौतापत्र पेश गर्नु पर्ने छ ।
६.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, प्यानदर्ता प्रमाणपत्र र आ.व. २०७५।७६ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी
७. खेती गरिने क्षेत्र चक्लाबन्दी भएको वा एउटै करिडोरमा रहेको हुनुपर्छ ।
८.निवेदनमा रु. १० को टिकट टाँस गरेको हुनु पर्छ ।

**थप जानकारीको लागि परियोजना कार्यान्वयन इकाई, रामेछाप (०४८ –५४०५६२ ) मा सम्पर्क गर्न सकिन्छ ।**


# रामेछाप डायरी

## सुनापतीद्धारा सामाजिक सुरक्षा भत्ता बैंकबाट दिने निर्णय

रामेछाप । नक्कली लाग्राही, मृत्यु भइसकेका व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता निकास गरी व्यापक दुरुपयोग हुन थालेपछि रामेछापको सुनापती गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको काम यस आर्थिक बर्षदेखि बैकिङ प्रणालीबाट गर्ने निर्णय गरेको छ । सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी बनाउने उद्देश्य सहित गाउँपालिकाले पहिलो पटक बैंकिङ प्रणालीबाट सामाजिक सुरक्षा वितरण गर्ने भएको हो । सुनापती गाउँपालिकाका र सिटिजन्स् बैंकबीच सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण गर्ने सम्झौता पत्रमा हस्ताक्षर भएको छ । हस्ताक्षर कार्यक्रममा गाउँपालिकाका अध्यक्ष धावा लामा, उपाध्यक्ष गिता विष्ट, प्रमुख प्रशासकीय अधिकृत राममणि काफ्ले र सिटिजन्स बैंक सुनापती शाखाका प्रमुख लगायतको सहभागीता रहेको थियो ।

सुनापती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि काफ्लेले बैकिङ प्रणालीबाट यस बर्षबाट सामाजिक सुरक्षा भत्ता वितरणको काम अगाडि बढाइएको बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाका पाँच वटा वडामा गरी यस आर्थिक बर्षको सामाजिक सुरक्षा भत्ताको लागि सात करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । सुनापती गाउँपालिकाका सूचना प्रविधि अधिकृत सन्तोष चौलागाईका अनुसार सुनापती गाउँपालिकाको पाँच वटा वडामा २४ सय ४० जनाले सामाजिक सुरक्षा भत्ता पाउने गरेका छन् । सामाजिक सुरक्षा भत्ता वितरणको काम बैकिङ प्रणाालीबाट भुक्तानी हुने भएपछि वडा अध्यक्ष र वडा सचिवलाई कामको बोझ घटेको छ ।

## रामेछाप नगरपालिकालाई स्वास्थ्य उपकरण हस्तान्तरण

रामेछाप जिल्लाको रामेछाप नगरपालिकालाई ईम्प्रुभिङ लाईभ्स ईन नेपालले स्वास्थ्य उपकरण हस्तान्तरण गरेको छ । नगरपालिका स्तरीय आईसोलेशन केन्द्र स्थापनाका लागी अवश्यक पर्ने सामाग्रीहरु उक्त संस्थाले नगरपालिकालाई उपलब्ध गराएको हो । बज्र समाज नेपाल रामेछापको समन्वयमा ईम्प्रुभिङ लाईभ्स ईन नेपालले प्रदान गरेको सामग्रीहरु ३ लाख ६४ हजार ४ सय ४७ रुपैयाँको रहेको छ । १० वेड आईसोलेशन निर्माणका लागि आवश्यक पर्ने सामाग्रीहरु संस्थाले उपलब्ध गराएको बज्र समाज नेपाल रामेछापका अध्यक्ष पुर्ण मगरले बताउनुभयो । आईसोलेशन कक्षका लागि आवश्यकपर्ने १० वटा वेड , वेडका लागी आवश्यपर्ने सामग्रीहरु १० थान, आई भि स्ट्यान्ड २ थान ,अक्सिजन कन्सरट्रेटर १ थान, थर्मल गन ४ थान , पुल्सअक्सिमेटर ४ थान , विपि डिजिटल १ थान , नेबुलाईलर मेसिन १ थान , फुट स्टेप १ थान र मेडिसिन ट्रली १ थान ईम्प्रुभिङ लाईभ्स ईन नेपालले रामेछाप नगरपालिकालाई उपलब्ध गराएको हो । उक्त सामग्री बज्र समाज नेपालका अध्यक्ष पुर्ण मगरले रामेछाप नगरपालिकाका प्रमुख नर बहादुर थापा मगरलाई हस्तान्तरण गर्नुभयो । यो परिस्थतीमा नगरपालिकालाई सहयोग गर्ने सहयोगीदातालाई नगरप्रमुख थापा मगरले हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । यसअघि ५ वेडको आईसोलेशन रहेको रामेछाप नगरपालिकामा अब भने १५ वेडको आईसोलेशन तयार भएको छ ।

## रामेछाप नगरपालिका वडा नम्बर ५ रामपुर शिल

रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नम्बर ५ रामपुर शिल गरिएको छ। वडामा रहेको स्वास्थ्य चौकीका एक जना स्वास्थ्यकर्मिमा कोरोना भाइरस संक्रमण पुष्टि भएपछि अत्यावश्यक बाहेकका सम्पूर्ण गतिविधि निषेध गरिएको हो । वडाकार्यलयद्वारा जारी विज्ञप्तिमा वडाको स्वास्थ्य चौकीबाट प्रदान हुने सम्पूर्ण सेवासमेत बन्द गरिएको बताइएको छ। त्यस क्षेत्रको समुदायमा कोरोना भाइरसको संक्रमण फैलिन सक्ने सम्भावना भएकाले आजदेखि १८ गतेसम्म पसल व्यवसाय नखोल्न, सवारी साधन नचलाउन हिँडडुल नगर्न र अत्यावश्यक काममा बाहेक घरबाहिर ननिस्किन सम्पुर्णमा अनुरोध गरिएको वडाअध्यक्ष भिम बहादुर तामाङले बताउनुभयो ।

## मन्थलीमा ११ जनालाई कुकुरले टोक्यो

रामेछाप । रामेछापमा कुकुर आतंकका कारण सडकमा पैदल हिड्नेहरुलाई समस्या भएको छ । मन्थली बजार क्षेत्रमा रहेका छाडा कुकुरको सम्बन्धित निकायले समयमै व्यवस्थापन गर्न नसक्दा एकैदिन ११ जना भन्दाबढी मानिसहरु कुकुरको टोकाई बाट घाइते भएपछि बजारनै त्रसित बनेको छ । सदरमुकाम मन्थली बजारमा शनिबार बिहानै ११ जना भन्दा बढि मानिस कुकुरको टोकाईबाट घाइते भएका हुन् । कुकुरले सडकमा मागेर जीवन चलाई रहेकालाई समेत टोकेर घाइते बनाएको छ । जिल्लामा पछिल्लो समय कुकुरको टोकाईबाट घाइते भएका बिरामी दैनिक बढ्दो मात्रामा छ । मन्थलीमा संचालित प्राथमिक स्वास्थ्य केन्द्रमा साउनदेखी भदौ महिनाको १३ गते बिहानसम्म कुकुरले टोकेका ७५ जना भन्दा बढी बिरामी आएका छन् । प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत अहेब कौषल थापाका अनुसार शनिबार बिहान मात्रै कुकुरले टोकेका ११ जना बिरामी उपचारका लागि आएका छन् । कुकुरले टोकेपछि उपचारका लागि आएका अधिकांस बिरामीलाई एन्टिरेबिज भ्याक्सीन लगाएर इनोग्लोबिन भ्याक्सीन लगाउन काठमाडौं पठाउने गरेका छौं उहाँले भन्नुभयो । मन्थली नगरपालिका पशु सेवा शाखाका प्रमुख मुकुन्द खड्काले कुकुरको टोकाईबाट घाइते हुने मानिसको संख्या दैनिक बढीरहेको र कुकुरको टोकाईबाट एकसय भन्दा बढी चौपाय मरिसकेको बताउनुभयो । उहाँले छाडा कुकुरको सब्या नियन्त्रणका लागि समय समयमा बन्ध्याकरण गर्ने रेबिज विरुद्धको सुई लगाइएको भएपनि खासै नियन्त्रणमा आउन नसकेको बताउनुभयो ।अहिले पनि संख्या नियन्त्रणका लागि बन्ध्याकरण गर्ने , रेबिज विरुद्धको भ्याक्सीन लगाउनका लागि शिविरनै संचालन गर्ने र समुदय स्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने पशु सेवा शाखाको योजना रहेको उहाँको भनाई छ । बजारक्षेत्रमा कुकुर मानिसलाई टोकेर आतंक मच्याएको बारे बोल्दै खड्काले यसलाई तत्काल नियन्त्रण गर्ने सम्भावना कम भएपनि आवश्यक कदमका लागि सरोकारवालासंग समन्वय र छलफल भैरहेको बताउनुभयो ।

**महिलामाथि हिंसा गर्नु कुनै पुरुषार्थ होइन, लज्जा हो महिलामाथि हिंसा गर्नेलाई बहिष्कार गरौं ।**

# कोरोना कहरमा पीडित मनोविज्ञान

कुमार रञ्जित

काठमाण्डौ । कोरोनाका कारण कांग्रेसका काठमाण्डौ महानगरपालिका वडा नम्बर २१ का अध्यक्ष गोविन्द रञ्जितको निधन भएको सूचनासहित नेपाली कांग्रेसका जिल्ला सभापतिले श्रद्धाञ्जली दिँदै फेसबुकमा पोष्ट गरेपछि त्यसलाई आधिकारिक ठानेरै होला क्षणभरमै सामाजिक सञ्जाल श्रद्धाञ्जलि सन्देशले भरिन पुग्यो । क्षणभरमै सयौँले आ(आफ्नै ढंगबाट श्रद्धाञ्जलि बाँडिसकेपछि जिज्ञासुहरुको प्रश्नको जवाफ दिँदादिँदै बाध्य भएर केन्द्रीय सदस्य रहेका ध्यानगोविन्द रञ्जितले पार्टीको आधिकारिक लेटरप्याडमै मृतक आफ्नो मामाको छोरा (भाइ) रहेको स्पष्टीकरणसहित शोक सन्देश निकाल्नु भयो । यसबीच उहाँहरु जिल्ला सभापति र केन्द्रीय सदस्यमाथि कति दबाब पर्यो होला भनेर अनुमान गर्न मात्रै सकिन्छ । तर सिक्काका दुई पाटामा हुने अकाट्य सत्यझैं यस दूर्भाग्यपूर्ण दुःखद समाचारबाट पनि एउटा नयाँ सञ्चार सन्देश दिन सफल रहयो । त्यसपछिका दिनमा कोरोना सङ्क्रमितहरुका नाम गोप्य राख्नैपर्ने अनिवार्यता हट्न पुग्यो । नभन्दै त्यसपछिका दिनमा कोरोना सङ्क्रमितका साथै निधन हुनेहरुका नाम पनि विस्तारै सार्वजनिक हुन थालेको छ । अब त उपप्रधानमन्त्री, गृहमन्त्री, सांसददेखि खर्बपतिसम्मका नामहरु सङ्क्रमितका रुपमा सार्वजनिक हुन थालेका छन् ।

निधन भएका गोविन्द जन्मजात कांग्रेस हुनुहुन्थ्यो । काठमाण्डौको मजिपात टोलमा वीर गणेशमानका अनुयायीका रुपमा २०१५ सालभन्दा अगाडि नै एक जमात् शूरवीर युवाहरु कांग्रेसी भएका थिए । त्यस जमातमा दुर्गादास रञ्जित, विष्णु नेपाली, तःभाइ रञ्जितहरु युवा अगुवा भएर २०१५ सालमा सम्पन्न प्रथम आमनिर्वाचनमै नेपाली कांग्रेसबाट उम्मेदवार हुनुभएका गणेशमान सिंहको चुनाव प्रचारमा लागेका थिए । दुर्गादास चुनाव प्रचार सचिव नै बन्नुभएको थियो भने गणेशमान सिंह मन्त्री हुँदा स्वकीय सचिव पनि हुनुभएको थियो । ०१७ साल पुस १ गतेका दिनमा तत्कालीन राजा महेन्द्रले संसदीय प्रजातान्त्रिक व्यवस्था भंग गरेर सैनिक बलमा शासन सत्ता हत्याएको घटनापछिका दिनमा भएका विभिन्न विरोध प्रदर्शनमा भाग लिएर ती सबै युवाहरु जेल परेको र विभिन्न यातना भोगेको नेपालको राजनीतिक दर्पणमा गृष्मबहादुर देवकोटाले उल्लेख गर्नुभएको छ । यो युवा जमातकापछि त्यही टोलका ध्यानगोविन्द रञ्जित पनि थपिनुभएको थियो ।

ध्यान गोविन्दको दोस्रो पुस्तापछि कांग्रेसको भूमिगत शैलीको गतिविधिमा मजिपात टोलबाट तेस्रो पुस्ताका रुपमा गोविन्द देखा पर्नुभयो । तात्कालीन शाही नेपाल वायुसेवा निगमका प्रख्यात मेकानिक्स वसन्त रञ्जितका माइलाप पुत्रका रुपमा गोविन्द राजनीतिक जमातमा परिचित हुँदै गएका थिए ।

तिनै रञ्जित परिवारले राजधानीको नयाँ सडकमा रहेको पीपलबोट अगाडि एउटा चर्चित यति भोजनालय सञ्चालनमा ल्याएपछि देशभरीका कांग्रेसीहरुको भेटघाट र भोजन गर्ने केन्द्र त्यहीं हुन पुग्यो र त्यसबाट झनै जनसम्पर्क बढ्न पुग्यो । अहिले कांग्रेसका नेता भएकामध्ये थोरै नयाँ पुस्ताकाले मात्रै त्यहाँ भोजन नगरेका होलान् । ०४६ सालको जनआन्दोलनपछि पुनर्स्थापित भएको बहुदलीय प्रजातान्त्रिक व्यवस्था अन्तर्गत भएका स्थानीय निर्वाचनहरमा पटक(पटक वडाध्यक्षका लागि प्रत्याशी भएका गोविन्द कहिल्यै विजयी हुन सक्नुभएन । तर स्थानीय पार्टी नेतृत्वमा भने कायम रहनुभयो । दुई कार्यकाल ध्यानगोविन्द रञ्जित संविधानसभाको सदस्य हुँदा उहाँका स्वकीय सचिव भएर जिम्मेवारी पूरा गरेका गोविन्दले आफूलाई वडाध्यक्ष भन्दामाथि कहिल्यै सोच्नुभएन ।

कोरोनाका कारण गोविन्दको निधन भएको अप्रत्याशित खबर पढेपछि शिक्षक सुन्दर पन्तले लेख्नुभएको छ(जीवनभर कांग्रेस कांग्रेस भनेर हिँड्नु भयो, चारतारे झण्डाले सम्मान गर्न सकिएन । यी शब्दहरुका भावले वर्तमानमा आममानिसका मुटुमा शूलले झैं घोचिरहेका छन् । कोरोना पीडित भएर मृत्युवरण गर्नु कति पीडादायक हुने रहेछ भनेर यसले महशुस गराइरहेको छ ।

यसरी सङ्क्रमित र सङ्क्रमणका कारण निधन हुनेका नाम सार्वजनिक भएसँगै समाजमा सङ्क्रमितहरुप्रति हेरिने दृष्टि र भेदभावमा पनि विस्तारै परिवर्तन आउने सम्भावना पनि देखिन थालेका छन् । सङ्क्रमित हुनु कुनै अपराध होइन भन्ने कुरा बुझेर समाजमा सङ्क्रमणबाट मुक्त भएर फर्केकालाई पहिले जस्तै सामान्य व्यवहार गर्नुपर्ने चेतनाले पनि व्यापकता लिनुपर्ने देखिन्छ । यसतर्फ पालिकाका निर्वाचित जनप्रतिनिधिहरुले जिम्मेवारीपूर्ण विशेष भूमिका खेल्नुपर्ने देखिन्छ । त्यसो भएमा पीडित मनोविज्ञानमा पनि हिनताबोध हट्दै जाने देखिन्छ । नेपाली कांग्रेसका कार्यकर्ता रहेका गोविन्दको मात्रै होइन, यतिबेला धार्मिक तथा सांस्कृतिक विरासतलाई निरन्तरता दिँदै आएको समाजका अन्य क्षेत्रका अगुवाहरुबाट पनि पीडादायी मार्मिक भावनासहितका अभिव्यक्तिहरु सुन्न पाइन्छन् ।

यसै सन्दर्भमा नेपाल हस्तकला महासंघका भूतपूर्व अध्यक्ष इन्द्र बहादुर शाक्यको गुनासो पनि त्यस्तै थियो । कोरोना सङ्क्रमणबाट निधन भएका पीडितको दाहसंस्कार बेवारिसे अवस्थामा नगरी उनीहरुको पनि सद्गत सामाजिक दूरी र आचार पालनासहित धार्मिक र सांस्कृतिक रुपमा सम्पन्न गर्न दिइनु पर्दछ भन्ने उहाँको जोड रहेको छ ।

रोजगारीका लागि खाडी मुलुकमा रहेर कोरोनाका कारण मृत्युवरण गर्न बाध्य धेरैजसो नेपाली नागरिकहरुका पार्थिव शरीर महिनौंसम्म देख्न नपाउँदा र स्वदेशमा नपुग्दा मृतकका परिवारजनमा कस्तो मानसिक अवस्था भयो होला भनेर अनुमान पनि गर्न सकिन्न । कोरोना पीडितहरु दिन दुई गुना, रात चार गुनाका दरले वृद्धि भैरहेको वर्तमान अवस्थामा पीडितहरुका मनोविज्ञान बुझेर नीति निर्माण गर्ने र यसैअनुरुप व्यवहारमा कार्यान्वयन गर्नेतर्फ सरकार र सम्बन्धित अन्तर्राष्ट्रिय सरोकारवाला संघ(संस्थाहरुले ध्यान नदिनु निश्चय नै विडम्बनापूर्ण छ । उज्यालो अनलाइन

## आयुर्वेदिक उपचारको पहिलो रोजाइ
## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

***हाम्रा सेवाहरु***

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पूर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकबाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फि नं. १६६०५६५८०००

फोन न. ०५६ : ५७०४६८

फोनबाट पनि नाम दर्ता गर्न सकिने छ ।

## कोभिड १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनिकरणका लागि निम्नानुसार गरौं ।

- आर्थिक असमानता , सामाजिक एवं सांस्कृतिक देखावटीपन, नकारात्मक अभ्यास एवं चलायमान, मनोवृत्तिलाई कडाईका साथ निरुत्साहित गरौं ।

(उच्चाभिलाषी हुने ज्ञानभन्दा जीवनमा आइपर्ने हरेक विषय परिस्थितिको सामना गर्न सक्ने खुबी र मानसिकताको विकास गरौं ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## अन्तराष्ट्रिय समाचार

### बाढी पहिरोमा परेर पाकिस्तानमा मर्नेको संख्या १३४ पुग्यो

पाकिस्तानमा आएको विनाशकारी बाढी र पहिरोमा परी मृत्यु भएकाहरुको सङ्ख्या १३४ पुगेको छ । देशको राष्ट्रिय प्रकोप व्यवस्थापन केन्द्रले आफ्नो वेबसाइटमा राखेको विवरणमा मृतकहरुको सो सङ्ख्या जुन १५ देखि अगस्ट २९ सम्मको रहेको उल्लेख गरिएको छ । अधिकारीहरुका अनुसार पछिल्लो समयमा आएको बाढी पहिरोमा परेकाहरुलाई खोजी तथा उद्धार कार्य पनि जारी नै राखिएको छ । उद्धार तथा खोजी र उनीहरुलाई राहत प्रदान गर्नका लागि सरकारी तथा गैह्रसरकारी संघ संस्था र निकायहरु लागिरहेका छन् । उत्तरपश्चिमी खैबर पख्तुखवा प्रान्तमा आएको बाढी पहिरोमा परेर कम्तीमा ४८ जनाको मृत्यु भएको छ भने अरु ४२ जना घाइते भएका छन् । सिन्ध प्रान्तका मुख्यमन्त्री सैयद मुराद अली शाहले पत्रकार सम्मेलनमा दिएको जानकारी अनुसार प्रदेशभरिमा वर्षा सम्बन्धी घटनाका कारण ८० जनाको मृत्यु भएको छ । तीमध्ये सबैभन्दा धेरै सिन्ध प्रान्तको प्रान्तीय राजधानी कराँचीमा ४७ जनाको मृत्यु भएको छ । यस क्षेत्रमा पछिल्लो बिहीबार र शुक्रबार अविरल वर्षा भएको र त्यसपछि बाढी पहिरोका घटनाहरु पनि धेरै भएको जनाइएको छ । पाकिस्तानको एक पत्रिका 'डन'ले दिएको जानकारीअनुसार पाकिस्तानमा विगत ९० वर्षमा यो वर्ष सबैभन्दा बढी वर्षा भएको उल्लेख छ । कराँचीको मौसम विभागले दिएको जानकारीमा उक्त नगरमा पहिलो पटक १२ घन्टामा नै निकै भारी मात्रामा पानी परेको थियो । भारी वर्षा र बाढीले कराँची शहरलाई ठूलो क्षति पुर्‍याएको छ । यहाँ हजारौंको संख्यामा सैनिकलाई उद्धारको लागि परिचालन गरिएको छ । बाढीमा फसेका सयौं व्यक्तिलाई उद्धार गरिएको छ भने यहाँका हजारौं व्यक्ति बाढीबाट विस्थापित भएका छन । अकस्मातको भारी वर्षाका कारण यहाँको जनजीवन नराम्ररी प्रभावित भएको छ । त्यसैगरी यहाँका धेरै क्षेत्रमा भौतिक संरचनाहरुमा पनि क्षति पुगेको अधिकारीहरुले जनाएका छन् ।

### कोरोना भाइरसबाट विश्वभरी दुई करोड ५० लाखभन्दा बढी संक्रमित

कोरोनाभाइरसबाट विश्वभरी सङ्क्रमितहरुको सङ्ख्या दुई करोड ५० लाखभन्दा बढी भएको छ । जोन हकिन्स विश्वविद्यालयले आइतबार दिएको जानकारी अनुसार विश्वभरी कुल सङ्क्रमितको संख्या दुई करोड ५० लाख नौ हजार २५० पुगेको हो । कुल सङ्क्रमितमध्ये आठ लाख ४२ हजार ७०२ जनाको कोरोनाका कारण मृत्यु भएको पनि विश्वविद्यालयले जनाएको छ ।

मृत्यु भएकामध्ये सबैभन्दा धेरै अमेरिकी रहेको पनि विवरणमा उल्लेख गरिएको छ । त्यसैगरी सङ्क्रमित हुनेहरुमा पनि अमेरिकीहरु नै सबैभन्दा धेरै रहेका छन् । पछिल्लो विवरण अनुसार अमेरिकामा ६१ लाख ३९ हजार ४६६ जना सङ्क्रमित भएका छन् भने एक लाख ८६ हजार ८५७ जनाको मृत्यु भएको छ । त्यसैगरी दोस्रो धेरै प्रभावित भएको ब्राजिलमा ३८ लाख ४६ हजार ९६५ जना सङ्क्रमित हुदाँ एक लाख २० हजार ४९८ जनाको मृत्यु भएको छ । त्यस बाहेक धेरै सङ्क्रमित भएका देशहरुमा क्रमशः भारत, रुस, पेरु, दक्षिण अफ्रिका, कोलम्बिया, मेक्सीको, स्पेन र चिली रहेका छन् । यद्यपि मृत्यु सङ्ख्या भने अमेरिका, ब्राजिलपछि मेक्सिको धेरै रहेको छ ।

### इस्लामिक स्टेटसँगको युद्धमा एक हप्तामा ४८ सैनिकको मृत्यु

सिरियाली इस्लामिक स्टेट (आईएस) लडाकूको प्रभाव क्षेत्र मानिने पूर्वी प्रान्त देइर अल-जौरको सुख्खा क्षेत्रमा सरकारी सेना र आइएसबीच भएका सशस्त्र भिडन्तमा एक हप्ताको अन्तरालमा कम्तीमा ४८ सिरियाली सैनिकको मृत्यु भएको सिरियाली युद्ध अनुगमनकारी संस्थाहरूले जनाएका छन् । आइएसमाथि रूसको सहयोगप्राप्त सिरियाली सेनाले हवाई आक्रमणहरू समेत गरेको थियो । आइएस लडाकूतर्फ २२ र सरकारी ४८ सैनिकको मृत्यु भएको 'सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्स'ले जनाएको छ । आक्रमणपछि सरकार समर्थक ५२ लडाकू पनि सम्पर्कमा नआएको बताइएको छ । बेलायतस्थित सिरियाली मानवअधिकारवादी संस्थाका अनुसार उक्त आक्रमणमा रुसको सहयोगमा विद्रोहीविरूद्ध हवाई आक्रमणसमेत भएको थियो । सिरियाली आइएस समूहले मुलुकका अन्य भागमा नियन्त्रण गुमाइसकेको भए पनि दुर्गम पूर्वी होम्स र देइर अल-जौर प्रान्तलाई अझै आफ्नो प्रभाव क्षेत्रका रूपमा जोगाउन सफल छ ।

### जापानको नयाँ प्रधानमन्त्रीका लागि मुख्य सचिव पनि आकांक्षी

जापानको नयाँ प्रधानमन्त्रीका लागि मन्त्रीपरिषद्का मुख्य सचिव योशिहिड सुगाले पनि आकाङ्क्षा देखाउनुभएको छ । तत्कालिन प्रधानमन्त्री सिन्जे आवेले अस्वस्थताको कारण देखाउँदै प्रधानमन्त्री पदबाट गत शुक्रबार राजीनामा दिएकाले जापानमा अहिले प्रधानमन्त्री पद खाली रहेको छ । आकाङ्क्षी सुगा सरकारको प्रमुख प्रवक्ता समेत हुनुहुन्छ । उहाँलाई पार्टीकै कतिपय बरिष्ठ नेताहरुले प्रधानमन्त्री बन्न उपयुक्त पात्रको रुपमा अगाडि सारेका छन् । उनीहरुले कोरोनाभाइरसले सृजना गरेको महामारीको सामना गर्ने, सबैसँग समन्वय र सहकार्य गर्नेलगायतका सरकार संचालनका लागि आवश्यक क्षमता उहाँसँग भएको दावी पनि गरेका छन् । सत्तारुढ दल लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी)का वरिष्ठ सांसदहरुले नयाँ प्रधानमन्त्री चयनका लागि आउदो सेप्टेम्बर १५ तारिखको वरीपरी निर्वाचन हुनसक्ने बताएका छन् । प्रधानमन्त्री छनोटको निर्वाचनमा एलडीपीकै नेताद्वय पूर्व परराष्ट्र मन्त्री फुमिओ किशिदा र पूर्व रक्षा मन्त्री शिगेरु आइशीवा पनि सहभागी हुने संकेत गर्नुभएको जनाइएको छ । मुख्य सचिव सुगाले सन् २०१२ देखि नै तत्कालिन प्रधानमन्त्री आवे शक्तिमा आएसँगै सरकारको मुख्य प्रवक्ताको रुपमा काम गर्दै आउनुभएको छ । उहाँलाई आवेको अति विश्वासपात्र भएकाले र क्षमतावान् पनि भएकाले प्रधानमन्त्री हुने सबैभन्दा बढी सम्भावना भएको उम्मेदवारको रुपमा हेरिएको छ । आवेको चाहना र समर्थन पनि उहाँलाई नै हुनसक्ने धेरैले अनुमान गरेका छन् ।

निर्वतमान प्रधानमन्त्री आवेले आफू अस्वस्थ्य हुँदा हुँदै पदमा बसिरहनु उपयुक्त नहुने ठानेर राजीनामा दिएको बताउनु भएको थियो ।

आफ्नो स्वास्थ्य समस्या देशको समस्या बन्न नहुने र देश विकासको गतिमा बाधक बन्न नहुने उहाँको भनाइ छ । उहाँको कार्यकाल आगामी सन् २०२१ को सेप्टेम्बरसम्म भएपनि उहाँले अहिले नै राजीनामा दिनु भएको हो । सन् २०१२ देखि लगातार शक्तिमा रहनुभएका आवे यस अघि नै जापानमा सबैभन्दा लामो समय प्रधानमन्त्री भएको नेताका रूपमा इतिहास रच्न सफल बन्नुभएको छ । उहाँले यसअघि सन् २००७ मा पनि स्वास्थ्य समस्याकै कारणले प्रधानमन्त्री पदबाट राजीनामा दिनुभएको थियो । तर पछि स्वास्थ्यमा सुधार भएपछि फेरि निर्वाचित हुनुभएको थियो ।

# नेपाली उपन्यासहरु सेतो धर्ती र पहेँलो घामको चिरफार

निमानन्द रिजाल

'कुनै पनि देशको इतिहास,समाज बुझ्नको लागि त्यसबेला लेखीएका साहित्यले त्यस समयको त्यो देशको अबस्था बताई रहेको हून्छ ।' ( लियोलोन्थाल प्रकासित साहित्य,संस्कृति र समाज भन्ने किताब सन १९६२) यसर्थ साहित्यले समयको,सामाजिक परिबेश र सामाजिक चेतनाको उजागार गरिरहेको हुन्छ । यो अध्ययनमा दुइवटा उपन्यास विना पूर्वाग्रह छानीएका हुन र यी उपन्यासहरूले प्रतिनिधी उपन्यासको भुमीका निर्वाहा गरेका छन साथै यिनी उपन्यासहरूले यो युगको प्रतिनीधित्व समेत गर्छन भन्ने आसा लिएको छु । यो समयमा गणलन्त्रात्मक नेपालको लागि सस्त्र संघर्ष गरीरहेको माओबादी आन्दोलनले अन्य पार्टीहरू संग कार्यगत एकता गरेको समय पनि थियो । यो बेला लेखिको उपन्यास नारायण वाग्लेको पल्पसा क्याफे , नारायण ढकालको प्रेतकल्प, कृष्ण धाराबासीको राधा, यूग पाठकको उर्गेनको घोडा, अमर न्यौपानेको सेतो धर्ती र बिष्णु भण्डारीको पहेँलो घाम केहि उपन्यासहरू हुन । अरू उपन्यासहरूको अवमुल्यन गर्न खोजीयको होइन । समयको अभाब र दृष्टिकोणको मुल्याकनमा सेतो धर्ती र पहेँलो घाम यी दुइ उपन्यास पर्न आए ।

बिश्लेषणका कसौटिहरू :

यो बिश्लेषणको आधारहरूमा ( १) यी उपन्यासहरूले प्रतिनित्व गर्ने यूग (२) पात्र , चेतना र बर्ग ( ३) यी उपन्यासहरूले खोजेको सौन्र्दयता । मुख्यत मैले यी तिन कसौटीमा हालेर यी उपन्यासहरू लाई हेर्ने जमर्को गरेको छु । यी उपन्यासहरू लाई बिभिन्न समालोचकहरूले आ अफनो कसौटीमा जाँचेका होलान । यीनको निफनाइ गर्नखोजीएको छैन । यी उपन्यासहरूको लेखनका पलटहरूलाइ सारंसमा उतारीएको छ ।

क) सेतो धर्ती – अमर न्योपाने – २०६८

सेतो धर्तीले एक बालबिधुवा जुन आफनो कारणले नभइ अरूकारणले गर्दा जिवनभर सेतो लगाएर यौबनका आकांक्षहरूलाई दबाएर जिबन जिउदा बारंबार तीआकांक्षले गर्दा बिचारमा निखरता नआएको, बारंबार सपनामा यौन प्रति लालयीतहुने र आफुजस्तै बिधुवा भएकी महिला भागेर भारतमा पुगेर बेश्याभएर कामअनुसार नाम परिबर्तीत गर्दै पुन गंगेश्वरी भएर धार्मीक प्रबचन दिने गर्दछीन । बेस्याबृति गर्दापाएकी छोरी बिश्वबिद्यालयकी प्रोफेसर बनेको उल्लेख गरिएको छ । यीनका मुख्यपात्र तारा र पबित्राहुन । पबित्रा पछि प्रबेस गरेर पनि बेजोडदार पात्र बनेकी छन् ।

गंगेश्वरी सम्म हुन उनले जिवनमा अनेक आरोह अबरोह भोगेकी छन पबित्रा छँदा बालबिधुवा हुन्छीन योगी संगभाग्छीन र यौन तृप्ती गर्छीन यसबाट उन्ले चाहेको रंगीन जिवन मिल्दैन भागेर गाउन र नाच्न थाल्छीन र मीरा बन्छीन । यस्बाट सन्तुस्ट नभएर आफनै बेश्यालय खोल्छीन र त्याहाबाट छानेर बेस्याबृती गर्छीन यसबेला उनी अभिसारीका बन्छीन । (यसैपनि रित्तिएर जाने बैस बेंचे ) बच्चा पेटमा आएपछि उनी वत्सल बन्छीन यसपछि उन्ले बेश्याबृति त्याग्छीन र नँयाठाउमा गएर घर किन्छीन । यति बेलासम्म धेरै पैसा कमाइ सकेकी हुन्छीन । छोरी १७ बर्षकी हुदा उनी ५३ बर्षकी हुन्छीन र त्यहीसमयमा बृन्दाबनमा गएर अर्को घर किनेर त्यही पुन आश्रमा आध्यात्मीक प्रबचन सुन्ने र धार्मीक किताबहरू पढने गर्छीन । यसै गर्दा गर्दै आश्रममा प्रबचन दिने भइन । यसैबेला नेपालबाट गएका गुरू संग भेटहुन्छ र देबघाटमा अन्तीम समय बिताउने हिसाबले देबघाटको आश्रममा आएकी हुन्छीन । यहाँ प्रबचन दिने र बस्ने गर्दा एक बाल सखा संग उन्ले गरेको बृतान्त हो ।

युग चेतना :

सेतो धर्तीको लेखन नेपालमा जनआन्दोलन, जनयुद्धको युग थियो यस्को छनक उपन्यास भरी कतै पाइदैन । यो उनै पुरानै चेतनाबाट ग्रसीत र रोमन्टीसीज्मलाई सामाजिक परीबेसलाइ एकाकार मात्रै गरीएको छ । भोग र इश्वर दुबैमा आधारीत चेतना छ र युगको चेतनालाइ प्रतिनिधीत्व गर्न सक्दैन । साहित्यमा आउने युगिन चेतनाको सौन्दयर्ताबाट निकै कमजोर उपन्यास देखा पर्द छ ।

पात्र, चेतना र बर्ग :

यिनका पात्रहरू सामाजिक बेथितीका सिकार भएका छन् । यौन असन्तुष्टी ताराको जिबनको सपनानै बनेको छ । पबित्रा यौन तृप्तीलाइ इश्वरीय रूपदिइएको छ । लेखकको चेतना प्रस्ट झल्कीन्छ । बर्ग प्रेममा साहित्यले परिबर्तनको ऐतिहाँसिक खुटकिलासम्म बन्नसकेको छैन् व्यक्ती प्रधानता र ब्यक्तीगत स्वतन्त्रता नै मिठो मानिएको छ । आमस्वतन्त्रता लाइ तिलन्जली दिइएको छ । यसरी चेतनागतरूपमा हेर्दा साहित्य मनोरन्जनको लागिहो भन्ने बर्ग पुजिबादी, सामन्तहरूकै सेवामा तल्लीन देखिन्छ । यस्तो साहित्यले समाज रूपान्त्रणमा भूमिका विहिन रहन्छ ।

सील्पगत बिश्लेषण:

सील्प भन्दा बित्तिकै पात्रहरूका सजिबता हो । पात्रहरू जिवनको तृप्तीको परिकल्पना र तृप्ती भएकाको विचको अन्तरदव्नद हो । यो द्वन्दनै यस्को सील्पगत पक्ष हो । पात्रहरू आफै बोल्छन र अन्तीम सम्मै तानी रहन्छन । यसरी हेर्दा सेतो धर्ती सफल देखिन्छ ।

उपन्यासले खोजेको सौन्दयर्ता :

यौनकुन्ठाले निम्त्याएको अन्तरद्वन्दृम्झे । यो अन्तरद्वन्दले भौतिक तृप्ती चाहिन्छ भन्ने टुगोमा पुराएको छ यस्कैलागि गंगेश्वरीको प्रबेस हुन्छ । यो सौन्दर्यताको कसीमा १७ र १८औ सदिका यौनबादी सौन्दयर्ता भन्दा परपुग्न सकेन ।

भाषा सरल र मिठो छ । पात्रहरूले यस्तो आश्रमको जिन्दगी बिताइ रहेका छन् । आश्रम जाने क्रम बडदो छ । यो यर्थाथ हो । तर सिंगो उपन्यास परिबर्तीत सौन्दर्यबाट बिमुख छ ।

अमर न्यौपानेले युगको धारलाई बोक्नबाट पन्छीएर यथास्थीति र यौनबाटै पैसाकमाएर बढि मोक्ष प्राप्तहुन्छ भन्दै गर्दा आफुले प्रतिनिधित्व गर्ने बर्गप्रतिपनी इमान्दार देखिएनन् ।

ख) पहेंलो घाम –विष्णु भण्डारी –२०७२

विष्णु भण्डारी चिरपरिचीत साहित्यकार हुनुहुन्छ तर उहाँको उपन्यास विधाको पहिलो कृति हो । उत्सर्ग जस्तो महाकाव्य लेखेर,लेखनमा शक्तता, विचारमा दृढता प्रदर्शन गर्नु भएको लेखक हो ।

यो उपन्यास डोल्मा भन्ने केटीको जिवनको सेरो फेरोमा घुमिरहेको उपन्यास हो । जुन शाही सेनाले माओवादीको आरोप लगाएर आफ्ना बाबा, हजुर आमा, को साया पछि भागेर माओवादी खोज्दै हिंड्ने अबोध बालक पछि चितुवा जस्तै चाल र छलांगले एकै पटक ९ जना शाहि सेनालाई ढेर पार्ने छापामारको कथा हो ।

डोल्मा – शिवा बन्छे । जनयुद्धको एक कर्मठ योद्धा बन्छे । विभिन्न लडाइका मोर्चाहरूमा कुशलतापूर्वक लड्छे । जब जनयुद्ध शान्ति प्रकृयामा प्रवेश गर्दछ । जनमुक्ति सेनाहरू नेपाल सेनमा प्रवेश गर्ने सर्त हुन्छ र समायोजन नहुंदासम्म क्यान्टोनमेन्टमा बस्छन् । यहाँ समायोजनका प्रकृयामा शिवा अयोग्यमा पर्दछे । उ जस्तै झण्डै ५ हजार युवाहरू अयोग्य हुन्छन् । यी युवाहरूको अन्तर द्वन्दको कथा पनि यसमा समाविष्ट छ । यो अन्तर द्वन्दकै स्वरूप पार्टीका नेताहरू भ्रष्टीकिरण र वर्ग उत्थान तिर लागेका आक्रोशपूर्व आवाज संगै जनमुक्ति सेनाहरूको विजोग भएको अवस्था पनि यसमा चित्रित छ । शिवा सहित अयोग्य सेनाहरूका केही सदस्यह? रामसिं, सागर, पासांगले सृजनशील कृषि फारम खोल्छन् र त्यसमा व्यस्त हुन्छे शिवा ।

शिवालाई मन पराउने एक प्रवासी नेपाल सोध्न डकुमेन्ट्री बनाउन नेपाल आउंछ । सोहनको पनि आफ्नै कथा छ । जुन एक सहिदको छोरा हुन्छ । डोल्मासंग छंदा एकै ठाउँ सुत्ने, खाने समेत गरेका हुन्छन् । सोहनकी आमाले अमेरिकाबाट माओवादीलाई सगाई रहेकी हुन्छीन र डोल्मा शिवा बनेको समेत थाहा पाउंछिन । शिवाको बारंवार कुरा गर्छिन् र सोहनलाई शिवाकी दुलहीको रूपमा हेर्न चाहान्छीन् । यसै क्रममा उनको मृत्यु हुन्छ र सोहन शिवाको खोजीमा नेपाल आउंछ । रमिला नामकी केटीसंग भेट हुन्छ । यहि रमिलानै शिवा निस्कन्छे । दुबैका जादुमय प्रेम हुन्छ । विवाहको बन्धनमा बांधिन्छन् । सहिद पार्क निर्माण सकेर दुबैले त्यही निर्माण पार्कमा जिवनको संबन्ध स्थापित गर्दछन् ।

यूगचेतनाः

यस्मा यूगचेतना भेटिय पनि अधुरो छ । जस्तोकी शिवा बर्तमान परीस्थिति संग परिचित हुदाहूदै पनि बर्तमान परीस्थीतिलाइ समाना गर्ने चेतना नभइ ब्यक्तीगत आत्मा सन्तुष्टीतिर लालयित छन । मनोबैज्ञानिक रूपमा जन्ताको चेतनाको स्तरलाइ माथि उठाउने भुमिका शिवाले खेल्न सचेत हुदा हुदै उपन्यास यसरी चिप्लनछ जुन उठन गाहे समयको यूगचेतना हो । सदाको लागि जनमुक्ती सेना छोडने छे र गन्तब्यहीन यात्रामा निस्किनेछे (पृष्ठ १३) यो सिंगो उपन्यासले युग चेतनालाइ ऐतीहाँसीकरूपमा बिश्लेशण गर्ने जमर्को गरेको भयतापनि तर युगमा आएको बस्तुगत अबस्थाको परीबर्तन संग पूर्णरूपमा चुकेको भेटीन्छ । एक क्रान्तीकारी योद्याको गन्तब्यहिन यात्रा हुन सक्दैन, यसरी उपन्यास युगको चेतना संग चिप्लीएको भेटिन्छ । जनयुद्ध पछि कार्यकर्तामा आएको निराशा, पार्टीले कार्यक्रम दिन नसक्ने,स्थानिय स्तरमा हुने बर्गसंघर्ष बाट बिमुख कार्यकर्ता, नेताहरूको वर्ग उत्थान भएको यथार्थलाई उजागर गरेको सुन्दर रचना हो ।

पात्र,चेतना र बर्ग

जनमुक्ती सेना भएकोले निम्न बर्गको प्रतिनिधीत्व गर्दछन् तर शान्ती प्रकृयामा प्रबेश गरेपछी कार्यकर्तामा आएको बिचलन यर्था हो तर शैद्यान्तिकरूपमा यस्को ब्याख्या र उपलब्धिको संरक्षण गर्नुपर्ने आबस्यकतामा कमजोर देखिन्छ । 'जनयुद्यको महान बलिदान सत्ताको माखेसांग्लोमा बन्धक बन्दै छ '(पृष्ठ २९३)। यो पात्र चेतनामा देखापरेको अपरीपक्वता हो । जनयुध्दका उपलब्धीहरू गणतन्त्र, समानुपातिक रूपमा सरकारमा प्रतिनिधित्व, संघात्मक र स्थानिय निकायमा सत्ताको प्रयोग, जन्ताले आफने निर्णय आफै गर्न सक्ने अधिकार प्रत्यायोजन जस्ता प्रगतिशिल पक्षहरूलाइ ओजेलमा पार्ने काम जान अन्जानमा यो उपन्यासमा भइरहेको भेटिन्छ । असन्तोषका स्वरहरूलाइ मार्ग निदिष्ट भेटि दैन । माओबादी पार्टिमा देखा परेका टुट फुट र कार्यकर्ताको बिचलन पनि यस्तै निम्न पुजिबादि सोंचको उजागार हो ।

स्थानियस्तरका सत्ताहरूमा धावा र कव्जा, सोहीअनुरूपका स्थानिय नेतृत्वाको निंमाण र पार्टिलाइ जन्तासंग अन्तर घुलन बनायर अगाडी बढ्ने र गन्तब्यको छलाँगको लागि तयार रहने बातबरणको निर्माणमा पात्रहरू कमजोर देखिमा लाग्दन्छन । सृजनसील कृषि फारम पनि जन्तासंग अन्तरघुलित छैन । बाध्यात्मकताको उपज लाग्छ । सामुहिकतामा सहजता भेटिदैन । जग लीजमा लिने र फारम चलाउने दैसमाजबादि चेतना उन्मुख भेटिदैन । शिवाले लिजको जमिन र स्थानिय जन्तासंगै सशकारी गर्दै उन्नत फारम निर्माणमा लाग्दै समाजबादि रूपान्तरणको झजल्को दिन सक्नु पर्दथ्यो , उपन्यास ब्यक्तीबादी बन्दै गयो र अमेरीकाको स्वपना बुन्न लाग्यो । चेतनाको हिसावले हतारको काम लतारोमा पर्नगयो ।

उपन्यासका पात्रहरू सजिव छन, उनीहरूका वार्तलाप पार्टि प्रतिको चिन्ता र सुन्दर मानव संसार निंमाण गर्ने स्वपनाहरू साकार नभएकोमा चिन्तीत छन यस्तो हुंदा हुंदै पनि पात्रहरूमा जिवनशैली यर्थाथता झल्कीने बनाउन सकेको भेटिदैन । जवरजस्ती बकाएको जस्तो लाग्छ । लेखक आफैले कुनै उपन्यास नलेखी भाषण लेख्दै छन् की जस्तो छ । यो उपन्यास घटनाहरूको समायोजन सुन्दर ढंगले गरिएको छ । सबै पात्रहरू सचेत आफ्नो दृष्टिकोण प्रष्ट राख्छन् ।

जिवन चिनेका छन् । श्रम गर्न सक्छन् । सुाहिकतामा बढि विश्वास गर्दछन् । सामुहिकता नै बल देख्छन् । यो पक्षनै यस्को उत्कृष्ट सुन्दरता हो । यो शैलीगत सुन्दरतामा जोड दिएको भए राम्रो हुने थियो ।

बैचारीकरूपमा बस्तुगत अवस्थाको बिश्लेषणमा कमजोर देखियता पनि युद्य पछि आएका बिचलनहरूको चिरफार गरेको शुन्दर पठनिय उपन्यास हो । - अस्तु

## गीति कविता : मुक्तियुद्ध

– मधुश्री

ए साथीसंगी जुटेर अब अगाडि बढ्नु छ
मुक्तिको लागि अन्तिम युद्ध हामीले लड्नुछ

देखियो रंग फेरेर सबै स्वार्थमै जुटेको
चाहना हाम्रो सत्ताकै आगो बालेर भुटेको
डुब्दैछ देश अहंकारमा सजक बन्नुछ
समाज हित बिरूद्ध बग्ने मुहान थुन्नुछ

भाँचियो हाँगा सुरिलो बोट घिस्रेर चढ्नुछ
मुक्तिको लागि अन्तिम युद्ध हामीले लड्नुछ

कतै छ आगो कतै छ पानी यो साँझ बिहानी
मुक्तिको स्वप्ना बगेर यहाँ भिज्दैछ सिरानी
शहिद प्यारा जन्माई आमा निराश बन्दैछिन्
भोकले कसी पटुकी उठ्न आग्रह गर्दैछिन्

पुछ्नुछ आँशु आमाको हामी साहारा बन्नुछ
मुक्तिको लागि अन्तिम युद्ध हामीले लड्नुछ

छट्पट्टी हुँदै निराशिएर बाँच्दैछौ हामी नि
तताई खुन आक्रोस भित्र साँच्दैछौ हामी नि
मनमा शान्ति ल्याउँने बाटो हामीले रोज्नु छ
देशको लागि निकास दिने बिकल्प खोज्नुछ

सान्तोना दिँदै बुझाउँदै मन मौनता तोड्नुछ
मुक्तिको लागि अन्तिम युद्ध हामीले लड्नुछ

सपना हाम्रो समृद्ध भुमि बनौँने सजौँने
हटाई सारा असमानता मिलेर रमौँने
संसारै भरी शान्तिको ध्वनी बनेर पुग्नुछ
खराब तत्व बिरूद्ध मिली संघर्ष गर्नुछ

नेपाल मात्र नेपाली भई हामीले उठ्नुछ
मुक्तिको लागि अन्तिम युद्ध हामीले लड्नुछ

# अध्यारो मन पराउनेहरु



कृष्ण बहादुर बोगटी काका
धुम्बाराही ४, काठमाण्डौ
हाल चक्रबहिल १२, ललितपुर

देश डुबाई भ्रष्टाचरा गर्नेहरु धेरै पहिला देखि नै सलबालाई रहेको थिए । तिन करोड जनालार्य अठार घण्टा सम्म अध्यारो मा राखी भ्रष्टाचार गरि नातागोता मात्र पोस्ने र बाँकी रकम विदेशी बैंकमा लगी जम्मा गर्न पल्केकाहरु नेपला विद्युत प्राधिकरणमा कुलमान आय दे खि नै कुलमानलाई फसाउन ठूलो चाल चली रहेका छन । मैले २०७४ माघ १६ गते राम्रो काम गर्ने सधैं भ्रष्टाचारीमा पर्छ भनेर प्रकासित गरी सकेको छ । अहिलेपनि केही भ्रष्टाचारी हरु मिली देश र जनताको पक्षमा काम गर्नेलाई फसाउन ठूलै गिरोह लागी रहेको छ । कुलमान जि तपार्यले गरेको कुरा म र म रा सारद देश बासी जनतलार्य मन परेको छेन भ्रष्टाचार गरेको प्रमाणित दिए झुण्डीएर मर्छु भन्नु भन्नु तपाईको कायरता हो तपार्य चोखो हुनुहुनछ तर पनी भ्रष्टाचारकिो शक्ति देखी परीचित हुनु हुदो रहेछ । तपार्यलार्य फसाउन लाग्ने धेरे शक्तिशाली धेरै ठूलो छ तपार्यले भ्रष्टाचार गरेको हो भनेर प्रमाण बनानउ सकछन मैले पनी एउटा संस्था स.चालकलाई भ्रष्टाचारीको आरोपल मात्र लगायथे तर उसले मलार्य नै झुटो रिपोर्ट तयार गर्रा जेलै समेत हाली दियो त्यो थियो पुर्व एमलोको झोले । कुलमान जी शक्ति देखी टाढै बसी सजक रहनु होला तर पनि तपाईको साथ दिने धेरे छन । सिमिति भ्रष्टाचारले र उ पनि हल्लाउन सकद्येन सारा देश अध्यारो पारी भ्रष्टाचार गर्ने लाई अब जनतलो नै कार्वाही गर्नुपर्छ । सरकारले केही गर्दैन । सरकारले त आफ्ना कार्यकर्ता मन्त्रीहरु फस्छन की भर्ना अख्यितार सम्पत्ती सुद्धिकरण जस्ता संस्था अफ्नै संग राखेको छ ।कुनैपनि कार्यकर्ता सभासद मन्त्री कैल्ले फस्ने छैन । कसैले प्र माणित गरी हलो प्र.म. अफ्नै न्यायाधिस भै सफाई दिनुहुन्५ । अहिले देशमा सरकरा भन्दा कोही पनि माथी छैन । संधिवान पनी सरकार भन्दा तल छ । किनभने प्रम भन्दा शक्रिसाली नेपालमा न्यायालय अखियतार मानव अधिकार आयोग पत्रकार मेडिया सबैलाई थिचोमिचो गरि नै रहेको देखिन्छ। अबको चार बर्ष सम्मलार्य सरकरा ले जनता चिन्दैन कम्युनिष्ट भनेर खोक्नेहरु हो । कम्युनिष्टका ब्यवहार देखाउनु पर्छ । एक पटकमा अख्तियार को पाठकले ७८ लाख घुस खाए त्यस्तो त कति पटक खाए होलान तर ७८ लाख ने धरोटी लिई छाडी नुको कारण के होला । २० करोड अकुत सम्पर्त भन्ने एक करोड जरिवाना गरी छाड्नो लेत भ्रष्टाचारीलाई प्रोत्साहन गरेको देखिन्छ । अब एक करेडो खाय पाँच करोड असुल्न पर्छ अरुपछि लेखौला । जय नेपाल ।

## कोरोना.......

उपाध्यक्षहरुको लगानीमा चलाईका नगरपालिका हरुमा वडा अध्यक्षहरुको बलेरो, सुमोले त्यो लकडाउन र यो निषेधज्ञाको मौका छोपेर चर्को भाडा लिएर पैशा कमाउने अवसर बनेको छ । जसले अकुत पैशा कमाएर राखेकाहरुको लागि हर्ष न बिस्मात बैक चौबिसै घण्टा खुलेका छन् भनेको जस्तो किन्न पाइएकै छ । सरर कार लिएर गयो टक्क रोक्यो चट्ट पैशा निकाल्यो सानै बेग्लै संकट र महामारी भनेको सवैलाई लाग्नुपर्ने हो ।

नेपालको सन्दर्भमा त्यस्तो छैन । नेपालमा बर्गीय बिभेद देखिएको छ । मर्नेहरु धेरै जति मजदुरी गर्न गएका भारतवाट आएका खाडी मुलुकमा काम गरेर फर्केका नेपालमा नै मजदुरी गरिरहेका स (सना ब्यवसाय गरिरहेकाहरुलाई मात्र कोरोना लागेको छ र मरेका छन् सायद धेरै जति एकठाउँवाट अर्को ठाउँ जानुपर्दा खानपान नमिलेर झाडाबान्ता लागेर वा मानसिक तनावका कारण अन्य नै रोग लागेको तर समयमा उपचार नपाएर धेरैको मृत्यु भएको जस्तो देखिन्छ । ति सवैलाई कोरोना पोजेटिभ भनिएको छ ।

नेपालका डाक्टरहरुको नै कोरोना पोजेटिभको बारेमा कुरा बाझिएको छ । संसारमा यस्ता रोगहरु कुनै कुनै वेला आउछन् र यसको असर कतै कतै देखिन्छ र यसैको पछि लागेर अत्तियर बस्नु हुदैन यो कोरोनाको हल्ला गरेर सेनिटाईजर मास्क र अत्याधुनिक मेशिन बेच्ने बिकशित राष्टूको चाल हो भनेका छन् । अर्काथरी डाक्टरहरु कोरोनाको बेला घरवाट नै बाहिर निस्कनु हुदैन रोग फैलन्छ भन्छन् । नेपालमा ९महिनाको अवधिमा कोरोनावाट मरेका भनिएका संख्या जम्मा २५० को हाराहारीमा मान्छे मरेको देखाउछ । त्यो कोरोनाले नै मरेको भन्ने एकिन गर्ने बिश्वासिलो आधार छैन । उसोत दैनिक औसतमा काठमाण्डौमा मात्रै १५ जना मानिस मरिरहेका हुन्छन् मान्छे मर्छ भनेर केही नगरी बसे हुन्छ जस्तो तरिका अपनाउनु राष्टको हितमा हुदैन । सजग र सर्तक भएर काम गर्ने तरिका अपनाएर काम गर्ने बातावरण बनाउनु चै बुद्धिमानी होला केही मानिसहरुको सुझावमा ।

यतिवेला सवै क्षेत्रमा सञ्चारको पहुच पुगेको छैन । सवै क्षेत्रको तथ्यहरु नआएका हुन सक्छन् । नेपालमा धेरै बिकट ठाउँहरु अझै पनि छन् । त्यस्ता ठाउँहरुमा यो सक्रमण नामको सन्त्रासले खाद्यन्न, लत्ता कवडा, औषधी पुर्‍याउन अप्ठ्यारो भएको हुन सक्छ ।

काठमाडौ उपत्यका लगायत शहरमा पनि यतिवेला मानिसहरु एक अर्कामा समन्वय नहुदा र कामहरु सुचारु नहुदा भौतारिदै सडकमा निस्केका देखिन्छन् ।

अन्तमा : नेपालमा कोरोनाको सक्रमणले भन्दा पनि सन्त्रासले मानिसहरुलाई धेरै पिरलेको छ । यसको सावधान गर्ने उपाय र तरिका समबन्धित निकायले खोज्न जरुरी छ । अर्को तर्फ सधै घर घरमा थुनेर होइन । घरभन्दा बाहिर निस्केर पनि कोरोना रोकथाम गर्न सकिन्छ भन्ने बिकल्प खोजिएन भने नेपाल अनकन्टार जगलीहरुको देश बन्न सक्छ । यतातिर सवैको ध्यान जाओस ।

## राष्ट्रिय....

प्रधानमन्त्रीनिकट स्रोत पनि खतिवडा नै दोहोरिने दाबी गर्छन् । खतिवडाको अहिलेसम्मको पर्फमेन्सका आधारमा विकल्पबारे नसोचिएको उनको भनाइ थियो । पार्टीका सचिवालयका सदस्य भने यसबारेमा घनिभूत छलफल हुने बताउँछन् । अर्थतन्त्रमा देखापरेको संकट निवारणका लागि खतिवडा त्यति सक्षम देखिनुभएको छैन, सचिवालयका ती नेता भन्छन्, पार्टीको घोषणापत्र कार्यान्वयन गर्दै समाजवादको आधार निर्माण त उहाँबाट झनै सम्भव छैन । त्यसकारण प्रधानमन्त्रीको इच्छाले हुँदैन । यसबारेमा पार्टीमा विस्तृतमा छलफल हुनुपर्छ । पार्टी कमिटीको बैठक छलेर नियुक्ति गरिने यसले झन् ठूलो अन्तरविरोध सिर्जना गर्ने उनको बुझाइ छ ।

कार्यदलको सुझाव अलपत्र पर्ने संकेत

प्रधानमन्त्रीको शनिबार दिएको अभिव्यक्तिले महासचिव विष्णु पौडेल नेतृत्वको कार्यदलले तयार पारेको पार्टीको विवाद सुल्झाउने सुझावहरु अलपत्र पर्ने संकेत देखाएको छ ।

कार्यदलको सुझावको बुँदा नम्बर ९ (२) मा सचिवालयहरूको सुझाव, अध्यक्षद्वयको आपसी परामर्श र सहमति तथा संवैधानिक व्यवस्था, कानुनी प्रवन्ध र निश्चित मापदण्डका आधारमा संघीय मन्त्रिपरिषद र प्रदेश मन्त्रिपरिषद्को पुनर्गठन र राजनीतिक नियुक्ति सम्बन्धी निर्णय गर्ने उल्लेख छ ।

प्रदेश मन्त्रिपरिषद्को पुनर्गठनभित्र मुख्यमन्त्री हेरफेर पनि निहित रहेको कार्यदलका सदस्यहरूले व्याख्या गरेका छन् । प्रतिवेदनबारे सचिवालयमा छलफल हुनुपूर्व नै प्रधानमन्त्रीले यो सुझाव नमान्ने संकेत देखाएका छन् । आगामी चुनावपछि मात्रै मुख्यमन्त्री हेरफेर हुने उनको भनाइ थियो । चुनावमा जितेर आएपछि प्रदेशका मुख्यमन्त्रीहरू दोहोरिन पनि सक्छन्, नदोहोरिन पनि सक्छन्, नयाँ आउन पनि सक्छन् । यति साधारण कुरालाई यत्रो मिडियाले सोधिरहनुपर्ने कुरा हो र ?, उनले प्रस्ट शब्दमा भनेका छन्, हामी अस्थिरताको पक्षमा, अनावश्यक स्थिरता देशमा हुनै नदिने ।


## जलदेवी सामुदायिक वनको आकर्षण




*जिप लाइन*

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं ।**

*आकर्षणहरु*

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट ।**




# नेपाल विद्युत प्राधिकरण
# Nepal Electricity Authority

## ३५औं वार्षिकोत्सवको अवसरमा प्रतिबद्धता

विद्युत् उत्पादन, प्रसारण र वितरण गर्दै आएको नेपाल विद्युत प्राधिकरणले ३५औं वर्ष पूरा गरेको छ । मुलुकले व्यहोरिरहेको दैनिक १४ घण्टासम्मको लोडसेडिङ अन्त्य मात्रै भएको छैन, आर्थिक वर्ष (आव) २०७२/७३ मा रु. ८ अर्ब ८९ करोड खुद घाटा बेहोरेको प्राधिकरणले त्यसयता लगातार नाफा गर्दै आएको छ । आव २०७६/७७ मा करिब रु. ११ अर्ब खुद नाफा कमाएर सबैभन्दा बढी नाफा कमाउने सार्वजनिक संस्थान बनेर गौरवपूर्ण इतिहास बनाउन पनि सफल भएको छ ।


### वित्तीय अवस्था (रु. १० लाखमा)

आर्थिक वर्ष २०७२/७३ मा रु. ३४ अर्ब ६१ करोड सञ्चित घाटामा रहेको प्राधिकरण आव २०७६/७७ मा करिब रु. ५ अर्ब सञ्चित नाफा कमाउन सफल ।





### विद्युत् चुहावट (प्रतिशतमा)

आर्थिक वर्ष २०७२/७३ मा प्रणालीमा रहेको २५.७८ प्रतिशत विद्युत् चुहावटलाई घटाएर आव २०७६/७७ मा १५.२७ प्रतिशतमा सीमित गर्न सफल ।





### विद्युत् खपत वृद्धि

आर्थिक वर्ष २०७२/७३ मा ग्राहक संख्या २९ लाख ६९ हजार ५ सय ७५ रहेकोमा आव २०७६/७७ मा कुल ग्राहक संख्या ४२ लाख पुगेको छ । ग्रीडको विद्युत् पहुँच पुगेको जनताको संख्या चार वर्षअघि करिब ६३ प्रतिशत थियो भने अहिले करिब ८६ प्रतिशत पुगेको छ । विद्युत्को पहुँचमा चार वर्षभित्र करिब २३ प्रतिशतले वृद्धि भएको छ । आव २०७२/७३ मा प्रतिव्यक्ति वार्षिक विद्युत् खपत १३१ युनिट रहेकोमा त्यसयता विद्युत् खपत निरन्तर बढेर आव २०७६/७७ मा २६० युनिट पुगेको छ ।





### उपलब्ध विद्युत् तथा आयात

देश जति वेला १४ घण्टासम्म लोडसेडिङमा थियो, मुलुकभित्रको कुल विद्युत् खपतको करिब ३५ प्रतिशत विद्युत् भारतबाट आयात गर्नुपर्ने अवस्थामा थियो । तर, विद्युत् खपत करिब ८० प्रतिशतले बढेको अवस्थामा पनि आयातको प्रतिशत ३७ प्रतिशत हाराहारीमा थियो । गत वर्ष आयात २२ प्रतिशतमा सीमित भएको छ । आगामी वर्ष ५ देखि १० प्रतिशतमा सीमित हुनेछ ।





### विद्युत् निर्यात (गिगावाट आवरमा)

प्राधिकरणले आर्थिक वर्ष २०७२/७३ मा ३१ लाख ५० हजार युनिट निर्यात गरेकोमा आव २०७६/७७ मा १० करोड ७० लाख युनिट विद्युत् निर्यात गरेको छ । केही वर्षभित्रमै विद्युत्मा आत्मनिर्भर भई नेट निर्यात सुरु गरिनेछ ।




### विद्युत् उत्पादन (मेगावाटमा)

आर्थिक २०७२/७३ सम्म नेपालमा कुल ८०१.७ मेगावाट जलविद्युत् उत्पादन भइरहेकोमा यस अवधिमा जलविद्युत् उत्पादन ५७ प्रतिशतले वृद्धि भई कुल १२५८.७ मेगावाट पुगेको छ ।




### प्रसारण लाइन

आर्थिक वर्ष २०७२/७३ सम्ममा ६६ केभी र सोभन्दा माथिका प्रसारण लाइन लम्बाइ २ हजार ९ सय ११ सर्किट किलोमिटर रहेकोमा आव २०७६/७७ सम्ममा करिब ४ हजार २ सय ७५ सर्किट किलोमिटर पुगेको छ । यो करिब ४७ प्रतिशतले बढी हो । ग्रीड सबस्टेसनहरूको क्षमता करिब २ हजार २ सय २३ एमभिए थियो, अहिले यो क्षमता ४ हजार १ सय ६१ एमभिए रहेको छ ।

### अन्तरदेशीय प्रसारण

आर्थिक वर्ष २०७२/७३ सम्ममा नेपाल-भारतबीच करिब ३५० मेगावाट विद्युत् प्रवाह हुन सक्ने अन्तरदेशीय प्रसारण संरचना रहेकोमा अहिले प्रसारण क्षमता वृद्धि भई १५०० मेगावाट पुगेको छ । बुटवल-गोरखपुर, मैनहिया-सम्पत्तिया, इनरुवा-पूर्णिया, लम्की-बरेली, कोहलपुर-उत्तरप्रदेश निर्माणको विभिन्न चरणमा छन् । नेपाल र चीनबीच पनि रातोमाटे- रसुवागडी-केरुङ ४०० केभी प्रसारण लाइन निर्माणको लागि प्राधिकरण र स्टेट ग्रीड चाईनाबीच समझदारी पत्रमा हस्ताक्षर भई नेपालतिरको लाइनको सम्भाव्यता अध्ययन पूरा भएको छ ।

### वितरण

आर्थिक वर्ष २०७२/७३ मा करिब २६ हजार वितरण ट्रान्सफर्मर प्रणालीमा जडान भएका थिए जसको कुल क्षमता करिब २ हजार ६०० एमभिए थियो । अहिले वितरण ट्रान्सफर्मरहरू करिब साढे ३५ हजार पुगेका छन् भने जडित क्षमता करिब ३ हजार ५ सय एमभिए छ । काठमाडौंलगायतका सहरी क्षेत्रका वितरण लाइनहरू बढ्दो विद्युत् माग व्यवस्थापन, आपूर्तिमा विश्वसनीयता तथा गुणस्तर कायम गर्न काठमाडौं उपत्यकामा विद्युतीय तारलाई भूमिगत बिछ्याउन सुरु गरिएको छ । औद्योगिक तथा व्यापारिक ग्राहकका लागि स्मार्ट थ्री फेज मिटर जडान भइसकेको छ भने घरायसी ग्राहकका लागि स्मार्ट मिटर जडान सुरु गरिएको छ ।

### संस्थागत सुशासन

सूचना प्रविधि मार्गचित्रलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याई 'डिजिटल एनइए' अवधारणाअनुरूप प्राधिकरणका हरेक क्रियाकलापलाई डिजिटल प्रविधिमा रुपान्तरण गरिनेछ ।

प्राधिकरण समय र परिस्थितिको माग अनुसार संगठन संरचनालाई पुनर्संरचना गर्दै आफ्नो व्यवसायलाई अझ प्रभावकारी र सेवामूलक बनाउन कटिबद्ध छ । आगामी दिनमा विद्युत्को आन्तरिक, अन्तरदेशीय र उपक्षेत्रीय बजार विस्तार गर्दै देशभित्र उत्पादित विद्युत् खेर नजाने गरी बिक्री गर्ने व्यवस्था मिलाइनेछ । प्राधिकरणले दिने सेवामा प्रभावकरिता ल्याउन, प्रणालीलाई स्वचालित रूपमा सञ्चालन गरी भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति दिन तथा प्रविधिको प्रयोग गरी जनशक्तिको बढ्दो आवश्यकतालाई कम गर्दै लैजान प्रणालीलाई अटोमेसन र संस्थालाई डिजिटाइजेसन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

सरकारको निर्देशन र उपभोक्ताको हित प्राधिकरणका लागि सर्वोपरि हो । प्राधिकरणले अहिलेसम्म प्राप्त गरेका उपलब्धी सुरुवात मात्र हो । यसको जगमा टेकेर अघि बढ्ने र समृद्धिका लागि सरकारले लिएको नीतिमा भरपर्दो माध्यम बन्ने प्राधिकरणको प्रण छ ।

प्राधिकरणले आगामी वर्षहरूमा पनि खर्च कटौती गर्ने- आम्दानी बढाउने, चुहावट घटाउने- खपत बढाउने, उत्पादन बढाउने- महसुल घटाउने, आयात घटाउने- निर्यात बढाउने योजना बनाएको छ । संस्थाभित्रको आर्थिक पारदर्शिता, जवाफदेहिता र सुशासनलाई कठोरताका साथ लागु गरिनेछ ।

कठिन परिस्थितिमा समेत प्राधिकरणका हरेक गतिविधिमा निरन्तर रूपमा सहयोग एवं समर्थन गरी हामीलाई हौसला र प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण ग्राहक एवम् विभिन्न व्यावसायिक संस्थाहरूप्रति आभार प्रकट गर्दछौं । नियमित, भरपर्दो, गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराउन अहोरात्र खट्ने प्रतिबद्धतासहित उज्यालो नेपालको संवाहकको रूपमा निरन्तर खटिरहने प्रतिबद्धता जनाउँदछौं ।

नोट : आव ०७६/७७ का सम्पूर्ण तथ्यांक लेखापरीक्षणपूर्वका हुन् ।


जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस